
# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २४८ काठमाडौं आइतबार, २२ पुस २०८० Prabhab National Daily Sunday, January 7, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# मनमौजी २० करोड खर्च सम्झौता विवादित



■ प्रभाव संवाददाता

- भारतीय दूतावासलाई आफूखुसी २० करोड खर्च गर्न दिने सम्झौता विवादित
- सम्झौता राष्ट्रघाती भएको टिप्पणी
- केही सत्तारुढ र विपक्षी दलहरूबाट विरोध

**काठमाडौं–** नेपालको विकास आयोजनामा भारतीय दूतावासले सीधै २० करोड रूपैयाँ आफूखुसी खर्च गर्नेसम्बन्धी सम्झौता विवादित बनेको छ । सम्झौतालाई केही सत्तारूढ दल र विपक्षी दलका नेताहरूले राष्ट्रहितविपरीतको कदम भनेका छन् ।

संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमासमेत सांसदहरूले उक्त सहमतिबारे शनिबार विरोध जनाएका छन् । एमाले सांसद रघुजी पन्तले सम्झौताले अनावश्यक राजनीतिक हस्तक्षेप बढ्ने बताए । 'यस सम्झौताले अनावश्यक र अवाञ्छित राजनीतिक प्रभाव, दबाब र हस्तक्षेपलाई निम्त्याउँछ र आन्तरिक मामिलामा बाह्य हस्तक्षेपलाई प्रवेश गर्ने वातावरण बनाउँछ,' पन्तले समिति बैठकमा शनिबार भने ।

सुरुमा तीन करोड, पाँच करोड हुँदै अहिले २० करोड रूपैयाँसम्म खर्च गर्न पाउने सम्झौतालाई लिएर उनले चिन्ता प्रकट गरे । सम्झौताले नेपालको स्वतन्त्र निर्णय गर्नसक्ने अधिकारलाई पनि रोक्ने उनको ठम्याइ छ । यसबारे प्रधानमन्त्री दाहालले पुनर्विचार गर्नुपर्ने उनको भनाइ छ । राष्ट्रिय जनमोर्चाका अध्यक्षसमेत रहेका सांसद चित्रबहादुर केसीले पनि सम्झौताको विरोध गरे । शनिबार एक विज्ञप्ति जारी गरी यो सम्झौता सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र मुलुकका लागि लज्जाजनक तथा राष्ट्रियहितविरुद्ध रहेको बताएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'कुनै पनि मुलुकको दूतावासलाई सोझै रकम बाँड्ने अधिकार हुँदैन र हाम्रो जस्तो मुलुकमा त्यस प्रकारको अधिकार दिन पनि सकिँदैन । नेपाल र नेपालीको विकासका लागि कुन ठाउँमा कति बजेट विनियोजन गर्ने ? त्यो नेपालको विशुद्ध आन्तरिक मामिला हो ।'

उनले २० करोड सीधै भारतीय दूतावासलाई खर्च दिने सम्झौता नेपालको राष्ट्रिय सार्वभौमसत्ता र अखण्डताका लागि घातक सिद्ध हुने पनि बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका सत्तारुढ दल नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले पनि सम्झौता नेपाली जनताको सार्वभौमिकता र सार्वभौम अधिकारमाथिको खेलबाड भएको टिप्पणी गरे । उनले सम्झौताको विरोध गरेका छन् । 'विदेशी राजदूतावासलाई सोझै २० करोडका योजनाहरू लागू गर्न दिने अकल्पनीय राष्ट्रियता विरोधी सम्झौता गर्न पुगेको छ ।

(क्रमशः पृष्ठ २ मा)

## राष्ट्रिय सभा निर्वाचन

# गठबन्धनबाट एमाले पाखा



गठबन्धनसँग हामी चुनावमा डराएका छैनौं । एक्लै लडेकै हो पहिले पनि । लड्छौं । चुनावबाट भाग्दैनौं ।

■ **प्रदीप ज्ञवाली**
उपमहासचिव, नेकपा एमाले



सरकारमा सहभागी चार दलका नेताहरूबीचमा छलफल भयो । गठबन्धन दलहरु मिलेर चुनाव लड्ने कुरा भयो । राष्ट्रिय सभा सदस्य निर्वाचनको विषयलाई लिएर थप छलफल गर्दै छौं ।

■ **रमेश लेखक**
प्रमुख सचेतक, नेपाली कांग्रेस




- एमालेसँग गठबन्धनले चुनावी सहकार्य नगर्ने
- एमाले राष्ट्रिय सभा चुनावमा शून्य हुने सम्भावना
- रिक्त हुन लागेका २० मध्ये १९ सिटका लागि चुनाव हुने

■ जेबी योञ्जन

**काठमाडौं–** सत्तारूढ गठबन्धनले आगामी राष्ट्रिय सभा निर्वाचनमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसँग सहकार्य नगर्ने भएको छ । शनिबार बालुवाटारमा बसेको सत्तारूढ दलहरूको बैठकले यस्तो निर्णय गरेको हो । यो निर्णयसँगै अब गठबन्धन दलहरूसँग एमालेको सहकार्य सम्भावना सकिएको छ ।

निर्वाचन ११ माघमा हुँदै छ । उक्त निर्वाचनको एक्लै सामना गर्नुपर्ने बाध्यतामा एमाले पुगेको हो । एमाले उपमहासचिव प्रदीप ज्ञवालीले गठबन्धनसँग चुनावी प्रतिस्पर्धा गर्न एमाले सक्षम रहेको दाबी गरे । स्थानीय, प्रदेश, संघसँगै राष्ट्रपति, उपराष्ट्रपतिसहितको चुनावमा एमालेले गठबन्धनसँग कडा प्रतिस्पर्धा गरेको स्मरण पनि गरे । उनका अनुसार एमालेले राष्ट्रिय सभा चुनाव गठबन्धनविरुद्ध एक्लै लड्छ ।

'गठबन्धनसँग हामी चुनावमा डराएका छैनौं । एक्लै लडेकै हो पहिले पनि । लड्छौं । चुनावबाट भाग्दैनौं,' उनले प्रभावसँग भने । चुनावमा एमाले शून्य हुने सम्भावना रहँदा अध्यक्ष केपी शर्मा ओलीले यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरबहादुर देउवासँग छुट्टाछुट्टै भेटवार्ता गरेर राष्ट्रिय सभा चुनावमा सहकार्यको प्रस्ताव राखेका थिए । उनले संक्रमणकालीन न्याय प्रक्रियासँग सम्बन्धित विधेयक पारित गर्न सहयोग गर्ने भन्दै राष्ट्रिय सभा चुनावमा सहकार्य गर्नुपर्ने बताएका थिए । ओलीको प्रस्तावमा दाहाल र देउवा सकारात्मक पनि भए । तर गठबन्धनका दलहरू माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)ले विरोध गरे । गठबन्धन दलहरूबीचमात्रै सहकार्य गर्नु उचित हुने नेपाल र यादवको जोड थियो । सोहीअनुसार शनिबार गठबन्धनको बैठकले चुनावमा एमालेसँग सहकार्य नगर्ने निर्णय गरेको हो ।

कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सरकारमा सहभागी चार दलका नेताहरूको बीचमा छलफल भएको र छलफलले गठबन्धनभित्रकै दलहरूबीचमा सिट बाँडफाँट गर्ने निर्णय गरेको सञ्चारकर्मीहरूलाई जानकारी दिए । 'सरकारमा सहभागी चार दलका नेताहरूको बीचमा छलफल भयो । गठबन्धन दलहरू मिलेर चुनाव लड्ने कुरा भयो । राष्ट्रिय सभा सदस्य निर्वाचनको विषयलाई लिएर थप छलफल गर्दैछौं,' उनले भने, 'सबैको बैठकबाट राष्ट्रिय सभा सदस्यको बारेमा टुंगो लगाउने निर्णय भएको छ ।'

(क्रमशः पृष्ठ २ मा)

## गठबन्धनसँग सहकार्य खोज्दै राप्रपा

**काठमाडौं (प्रस)–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले राष्ट्रिय सभा निर्वाचनमा गठबन्धन दलहरूसँग छलफल गर्ने भएको छ । छलफल गर्ने जिम्मा पार्टी उपाध्यक्ष बुद्धिमान तामाङले पाएका छन् । उनी हाल पार्टीका कार्यबाहक अध्यक्ष हुन् ।

पार्टीको शनिबार बसेको कार्यसम्पादन समिति बैठकबाट चुनावी सहकार्यबारे सत्ता गठबन्धनसँग छलफल गर्ने जिम्मा तामाङले पाएका हुन् । उनले प्रधानमन्त्री दाहाल र कांग्रेस सभापति देउवासँग एक चरण छलफल गरिसकेका पनि छन् । तर, कुनै समझदारी नभएको प्रवक्ता सगुनसुन्दर लावतीले जानकारी दिए ।

उनका अनुसार पार्टीले चुनावका लागि उम्मेदवारको भने टुंगो लगाएको छ । गठबन्धनसँग सहकार्य हुने भए नेता उद्धव पौडेललाई उम्मेदवार बनाउने भएको छ ।

सत्तारुढ दल नेकपा एकीकृत समाजवादीले भने राष्ट्रिय सभाको निर्वाचनका लागि उम्मेदवार छान्ने जिम्मा अध्यक्ष माधवकुमार नेपाल नेतृत्वको तीन सदस्य समितिलाई दिएको छ । समितिमा उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव घनश्याम भुसाल सदस्य छन् ।

शनिबार बसेको सचिवालय बैठकले समितिलाई पार्टीले कति सिट संख्या प्राप्त गर्ने, कुन प्रदेशमा प्राप्त गर्ने र कुन क्लस्टरमा प्राप्त गर्ने भन्ने सम्पूर्ण अधिकार दिएको प्रवक्ता जगन्नाथ खतिवडाले बताए ।

**सन्दर्भः वैदेशिक रोजगार**

## मागपत्र प्रमाणीकरण

# दूतावासले ढिलाइ गरे मन्त्रालय आफैंले गरिदिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृति (प्रमाणीकरण)मा सम्बन्धित मुलुकका दूतावासले ढिलाइ गरे श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय आफैंले गर्ने भएको छ । कामदारको मागपत्र आधिकारिकताका लागि १५ दिनभित्र सम्बन्धित मुलुक हेर्ने नेपाली कूटनीतिक नियोगले प्रमाणीकरण गर्नुपर्ने व्यवस्था भए पनि समयमै जाँचबुझ भई नआएको अवस्थामा मन्त्रालयले नै प्रमाणीकरण गर्न सक्ने व्यवस्था गरिएको छ ।

मन्त्रालयले यसका लागि लामो समयदेखि प्रतीक्षारत 'वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि-२०८०' ल्याएर बाटो खुला गरेको जनाएको छ । वैदेशिक रोजगार ऐन, २०६४ अनुसार मागपत्रको आधिकारिकताका लागि सम्बन्धित मुलुक हेर्ने कूटनीतिक नियोगको सिफारिस हुनुपर्ने भई आएकोमा अब तोकिएको समयावधिभित्र जाँचबुझ भई नआएमा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२ (क) को उपनियम (२) बमोजिम बनेको कार्यविधिमार्फत मन्त्रालय आफैंले प्रमाणीकरण गर्न सक्ने उल्लेख गरिएको छ । प्राप्त रोजगारीको अवसरलाई गुम्न नदिन एवं वैदेशिक रोजगारीलाई विश्वसनीय र व्यवस्थित बनाउन वाञ्छनीय भएकाले कार्याविधि ल्याइएको मन्त्रालयले जनाएको छ ।




अब कार्यविधिअनुसार म्यानपावर व्यवसायीले पेस गरेको मागपत्र सम्बन्धित मुलुक हेर्ने दूतावासले १५ दिनभित्र प्रमाणित गरेर नपठाए मागपत्रहरूको आधिकारिकता हेरी वैदेशिक रोजगार विभागले प्रमाणीकरणका लागि पूर्व स्वीकृति प्रदान गर्ने छ । यसको लागि मन्त्रालयले सहसचिव सयोजक रहने गरी मागपत्रहरूको आधिकारीकता हेरी प्रमाणीकरण गर्न पाँच सदस्यीय समित गठन गरेको छ । जसले १० कार्यदिन भित्र आधिकारीकता यकिन गरी मागपत्र स्वीकृतिको लागि विभागलाई सिफारिस गर्नेछ । यद्यपी मागपत्र प्रमाणीकरणको लागि सिफारिस गर्नुपूर्व समितिले आवश्यकता अनुसार कुनै माध्यमबाट जानकारी लिने वा स्थलगत अनुगमनसमेत गर्न सक्ने छ ।

मागपत्र प्रमाणीकरणका लागि इजाजतपत्र प्राप्त म्यानपावर व्यवसायीले गनतव्य मुलुकका रोजगारदाता संस्थामा नेपाली श्रमिक भए उनीहरूको अवस्था, तीन महिनादेखि श्रमिकलाई उपलब्ध गराइएको पारिश्रमिक एवं सेवासुविधा वितरणको अवस्था, कार्यस्थल, आवास, स्वास्थ्य र सुरक्षासम्बन्धी अवस्था, रोजगारदाता कालो सूचीमा परे नपरेको, रोजगारदाताले सम्बन्धित मुलुकको सरकारबाट नेपाली कामदार माग गर्न प्राप्त स्वीकृतिसम्बन्धी कागजात पेस गर्नुपर्ने छ । तर रोजगारदाताको मागपत्र आधिकारिकताको सम्बन्धमा दूतावास वा समितिले गरेको सिफरिसबमोजिम पूर्वस्वीकृति दिने वा नदिने निर्णय विभागले गर्न पाउने कार्यविधिमा उल्लेख गरिएको छ ।

## एक सातामित्र ११२ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ११२ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा दुई हजार ९०० भन्दा बढी नेपालीले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । एक्जिट भिसामा भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर र आफूसँग भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर एउटै भए नभएको यकिन गरेर मात्र हवाई टिकट खरिद गर्न पनि दूतावासले आग्रह गरेको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ । अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने जनाइएको छ ।




# कोरोनाकालमा अनुदानमा आएका उपकरण प्रयोगविहीन

**काठमाडौं–** कोरोना महामारीमा विभिन्न दातृ निकायबाट अनुदानमा प्राप्त भएका स्वास्थ्यसम्बन्धी उपकरण प्रयोग नै नभई थन्किएका छन् ।

स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाका निर्देशक डा. सर्वेश शर्माले कोरोना भाइरसका बिरामी नभएकाले ती स्वास्थ्यका उपकरण थन्किएको बताए । 'अहिले कोरोना भाइरसको संक्रमण छैन । त्यतिबेला दातृ निकायले नेपालका लागि कोरोना भाइरसको रोकथाम र उपचारका लागि स्वास्थ्यका उपचरण दिएका थिए,' उनले भने, 'अहिले बिरामी नभएर र भौतिक संरचनाको नभएकाले उपकरण त्यत्तिकै थन्किएका छन् ।'

उनका अनुसार कोरोना महामारीका बेला कतिपय उपकरणले दातृ निकायले माग नै नगरिकन उपलब्ध गराएका थिए । महाशाखाको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा सुरेन्द्र चौरसियाका अनुसार २१८ वटा स्वास्थ्य उपकरण प्रयोगविहीन रहेको बताए ।

उनका अनुसार अनुदानमा प्राप्त ९१ भेन्टिलेटर, ४६ वटा पोर्टेबल भेन्टिलेटर, १३ सघन उपचार कक्ष (आइसियू), ५७ वटा न्युटल टु एडल्ट भेन्टिलेटर र ११ वटा एनेसथेसिया वर्कस्टेसन प्रयोग नै नभई थन्किएका छन् । कोरोना महामारीका बेला विभिन्न दातृ निकायले एक हजार ४४५ स्वास्थ्यका उपकरण उपलब्ध गराएका थिए ।

महाशाखाका निर्देशक डा. शर्माले कोरोनाका बेला ती उपकरणको अत्यधिक माग रहेको र अहिले ती उपकरण भौतिक संरचनाको अभावले जडान नगरिएको बताए । प्रयोग नै नभई थन्किएका उपकरणलाई अयन्त्र स्थानान्तरण गरी सञ्चालन गर्ने तयारी गरिएको उनको भनाइ छ । *रासस*

# 'काठमाडौंको तापक्रम माइनसमा जानसक्छ'

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकाको तापक्रम माइनसमा जानसक्ने पूर्वानुमान गरिएको छ । पछिल्ला दिनमा तापक्रम निरन्तर घट्दा देशभर चिसो बढिरहेको छ । संघीय राजधानी काठमाडौंसहित देशभर चिसो ह्वात्तै बढेकाले यसबाट बच्न आवश्यक उपाय तथा सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार शनिबार काठमाडौंको न्यूनतम तापक्रम ४.५ डिग्रीसेल्सियस तथा अधिकतम तापक्रम १७ डिग्रीसेल्सियस कायम भएको छ । शुक्रबार काठमाडौंको न्यूनतम तापक्रम तीन डिग्रीसेल्सियस थियो । काठमाडौंमा बिहानीपख हुस्सु लागे पनि दिउँसो पारिलो घाम लाग्ने गरेको छ ।

'तापक्रम हल्का घटिरहेको छ । यही तरिकाले तापक्रम ओरालो लाग्ने हो भने माइनसमा जानसक्छ,' मौसमविद् अधिकारीले भने ।

आइतबार बिहान न्यूनतम तापक्रम दुईदेखि चार डिग्रीसेल्सियस हुने पूर्वानुमान गरिएको छ । कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हल्का हिमपात भए पनि आगामी तीन दिनसम्म उल्लेखनीय मौसम प्रणाली नरहने मौसमविद् अधिकारीले जानकारी दिए ।

जुम्लामा सबैभन्दा धेरै तापक्रम घरेर माइनस ५.७ डिग्री सेल्सियस रहेको छ । शुक्रबार जुम्लाको न्यूनतम तापक्रम माइनस छ डिग्री सेल्सियस थियो । महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । शनिबार कोशी, मधेस प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहेको थियो । तराईका थोरै स्थानमा हुस्सु/कुहिरो लागेको थियो ।

# ऐतिहासिक ललितमण्डपको पुनर्निर्माण गरिँदै

**ललितपुर–** वि.सं. २०७२ को भूकम्पमा क्षतिग्रस्त ललितपुर महानगरपालिका-४ जावलाखेलस्थित ऐतिहासिक सम्पदा ललितमण्डपको पुनर्निर्माण हुने भएको छ । ललितमण्डप छेउमा रहेका पाटी (फल्चा) र जावलाहिटी (गैरेधारा) भने ललितपुर महानगरले यसअघि नै पुनर्निर्माण गरिसकेको छ ।

ललितमण्डपलाई ऐतिहासिक शैलीमा पुनर्निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको ललितपुर महानगरपालिका वडा नं ४ का अध्यक्ष सन्तोष खड्काले जानकारी दिए । उनले भने, 'हाल अवस्थित भवन पञ्चायतकालमा निर्माण भएको हो । हामीले राणाकालअघिको फोटो भेट्टाएका छौं । इतिहास झल्कनेगरी ललितमण्डप पुनर्निर्माण हुने छ ।'

हरेक वर्ष हुने रातो मच्छिन्द्रनाथको रथ ललितमण्डपपरिसरमै राखिन्छ । सोही परिसरबाटै मछिन्द्रनाथ जात्राको अन्तिम दिन भोटो देखाउने प्रचलन भएकाले पनि ललितमण्डपको महत्त्व विशेष भएको उनको भनाइ छ । हाल जावलाखेलमै मछिन्द्रनाथ संगहालयसमेत निर्माण हुँदै छ । जुन संग्रहालयमा मछिन्द्रनाथको एतिहासिक सामग्री संग्रहित गरिने छ । ऐतिहासिक सम्पदासम्बन्धी जानकारी ज्यापु समाजसँग रहेकाले सोही समाजसँगको सल्लाहमा ललितमण्डपलाई कलात्मकरूपमा पुनर्निर्माण गरिने वडाध्यक्ष खड्काको भनाइ छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### गठबन्धनबाट एमाले...

आगामी फागुन २० पछि पदावधि सकेर बिदा हुने २० जना राष्ट्रिय सभा सदस्यमध्ये एमालेका आठ जना छन् । राष्ट्रिय सभा अध्यक्षसमेत रहेका गणेशप्रसाद तिमिल्सिना, प्रमुख सचेतक भैरवसुन्दर श्रेष्ठ, इन्दु कडरिया, कुमार दसौंदी, दीपा गुरुङ, दिलकुमारी रावल थापा (पार्वती), नरपति लुहार, रामचन्द्र राईको कार्यकाल सकिँदै छ । कांग्रेस संसदीय दलका नेता रमेशजंग रायमाझी, प्रमुख सचेतक अनिता देवकोटा, प्रकाश पन्थ र जितेन्द्रनारायण देव, माओवादीका विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी, एकीकृत समाजवादीका नन्दा चपाईं, सिंहबहादुर विश्वकर्मा, जसपाकी प्रमिलाकुमारी यादव, राष्ट्रपतिबाट मनोनीत डा. विमला राई पौडयाल र स्वतन्त्र सदस्य खिमलाल देवकोटाको पनि २० फागुनमै कार्यकाल सकिने छ । चुनाव पौडेलबाहेक सांसदहरूको स्थानमा हुने छ ।

वर्तमान सत्ता गठबन्धन एकताबद्ध भएर चुनाव लडे रिक्त रहेका १९ वटै सिटमा एमाले शून्य हुने अवस्था छ । कुनै पनि प्रदेशमा एमालेले एक्लै चुनाव जित्ने अवस्था छैन । तर, गठबन्धन दलहरूबीच सिट बाँडफाँट टुंगिएको छैन । सिट बाँडफाँटको आधार भने जनमतलाई आधार मान्ने भनिएको छ ।

समाचार तयार गर्दासम्म कांग्रेसले १०, माओवादीले सात, एकीकृत समाजवादी र जसपाले कम्तीमा तीन/तीन सिट दाबी गर्दै आएका छन् । रिक्त रहेको क्लस्टरका आधारमा दलहरूले सिट बाँडफाँट गर्ने भएका हुन् । तर कांग्रेसले नौ, माओवादीले पाँच, एकीकृत समाजवादीले तीन र जसपाले दुई सिट पाउने सम्भावना रहेको स्रोतको दाबी छ ।

कोशीमा दुई जना, मधेसमा दुई जना, बाग्मतीमा चार जना, गण्डकीमा तीन जना, लुम्बिनीमा दुई जना र कर्णालीमा तीन जना र सुदूरपश्चिममा तीन जना राष्ट्रिय सभा सदस्यका लागि चुनाव हुन लागेको हो ।

यसपटक राष्ट्रिय सभा चुनावमा स्थानीय र प्रदेशका गरी दुई हजार ४७ जना मतदाता छन् । स्थानीय तहका प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्षको मतभार १९ र प्रदेश सांसदको मतभार ५३ कायम भएको छ । उनीहरूले यही १२ माघमा १९ जना राष्ट्रिय सभा सदस्य पदका लागि हुने चुनावमा मतदान गर्ने छन् ।

चुनाव ११ मा हुँदै छ । जसका लागि यही पुस २३ गते (सोमबार) मनोनयन दर्ता गर्ने निर्वाचन आयोगको तालिका छ । बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्मका लागि मनोनयन दर्ताको समय छ । यसपछि उम्मेदवारको विरोधमा उजुरी दिने कार्य पुस २४ गते हुने कार्यतालिका छ ।

मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी अन्तिम नामावली पुस २६ गते प्रकाशन हुने छ । सोही दिन दिउँसो २ बजे अन्तिम नामावली प्रकाशन गर्ने काम हुने आयोगले जनाएको छ । पुस २८ गते १० बजेदेखि दिउँसो १ बजेसम्म निर्वाचन चिह्न उपलब्ध गराउने र ११ माघको बिहान ९ देखि ३ बजेसम्म मतदान हुने आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए ।

### मनमौजी २०...

यो लापरवाहीपूर्ण र राष्ट्रहित विरोधी सम्झौतामात्र होइन, यो नेपाल र नेपाली जनताको सार्वभौमिकता र सार्वभौम अधिकारमाथि नै खेलबाडसमेत हो,' उनले विज्ञप्तिमार्फत भने, 'म यस सम्झौताको सम्पूर्ण देशभक्त नेपाली जनताको तर्फबाट कडा शब्दमा विरोध गर्न चाहन्छु ।'

तर, प्रधानमन्त्री पुष्पकमल दाहालले विवादित सम्झौताको बचाऊ प्रयास गरेका छन् । उनले राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सांसद पन्तसहितले उठाएको प्रश्नको जवाफ दिने क्रममा नेपालस्थित भारतीय दूतावासले २० करोड रूपैयाँसम्मको योजनामा आफूखुसी खर्च गर्न नपाउने दाबी गरे । उनले खर्च गर्ने प्रक्रियामा रहेरमात्रै रकम खर्च हुने बताए ।

'भारतले जहाँ पायो त्यहीं लगानी गर्ने या जसरी मन लाग्यो त्यसरी गर्ने भन्ने त छैन । त्यसको प्रक्रिया छ,' प्रधानमन्त्री दाहालले भने, 'नगरपालिकाभित्र कुन प्रक्रियाबाट गर्न सक्ने, गाउँपालिकाबाट या अन्य, त्यो प्रक्रियाबाट गएरमात्रै हुन्छ ।'

भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणको क्रममा बिहीबार काठमाडौंस्थित भारतीय दूतावासले सीधै २० करोड रूपैयाँका योजनामा खर्च गर्न पाउनेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको थियो ।


## मधुवन नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, बर्दिया
### लुम्बिनी प्रदेश, नेपाल

**नदिजन्य पदार्थ उत्खनन् गरी विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०८०/९/२२ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ(१) घ(२) र घ(६) नदिजन्य पदार्थ व्यवस्थापन मापदण्ड २०७७, प्रदेश आर्थीक ऐन २०८० दफा ९ र मधुवन नगरकार्यपालिकाले तोकिदिएको नदिहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी मधुवन नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्थ गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड, सानोश्री शाखा बर्दियामा रहेको यस कार्यालयको खाता नं १५१०३०००००१००१०००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ एवं जमानत वापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड सानोश्रीमा रहेको धरौटी खाता नं. १५१०३००००००३०००००००१ जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी १२० दिन म्याद रहेको बैंक जमानी पत्र तथा बोलपत्रमा पेश गर्नुपर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरू Scanning गरी EBiding मा तोकिएको ढाँचामा Upload गर्नुपर्नेछ । बोलपत्र खरिद गर्ने रसिद, भौचर तथा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिईनेछ । साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको Website www.bolpatra.gov.np वाट वोलपत्र Download तथा Upload गर्न सकिने छ ।

२. मिति २०८०/०९/२९ गते दिनको २:०० बजे यस कार्यालयमा ठेक्का खोलीने छ ।

३. बोलपत्र सम्बन्धी अन्य थप केही कुराहरू बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०८४-४४०१११ तथा कार्यालयको ईमेल ठेगाना madhuwanmun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

| क्र. स. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् क्षेत्र नाम | उत्खनन परिमाण (घन मि) | न्युनतम ठेक्का रकम (मू. अ. कर सहित) | धरौटि रकम | बोलपत्र दस्तुर (रू) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | MG/G/NC B/MNPO03/08081 | ढुङ्गा गिट्टी, बालुवा, उत्खनन, संकलन तथा बिक्रि वितरण पत्थरबोझी | पत्थरबोझी घाट १ | २१०० | ७३७४८१६।- | कबोल अंकको ५ प्रतिशत | ३००।- | ढुंगा, गिटी, बालुवा |
| | | | पत्थरबोझी घाट २ | २४००० | | | | ढुंगा, गिटी, बालुवा |
| २. | MG/G/NC B/MNPO05/08081 | ढुङ्गा गिट्टी, बालुवा, उत्खनन, संकलन तथा बिक्रि वितरण लठुवाघाट | लठुवाघाट-१ | ३००० | ७०६४०००।- | | | ढुंगा, गिटी, बालुवा |
| | | | लठुवाघाट-२ | २२०० | | | | ढुंगा, गिटी, बालुवा |


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


पुस २२ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | राम्रै प्रभाव जमाउन सकिने, चिताएको काम पूरा । |
| **वृष** | कमिकमजोरी सच्याउन सकिने, कृषिमा फाइदा । |
| **मिथुन** | काममा व्यवधान, नजिकका व्यक्तिबाट दुःख । |
| **कर्कट** | अर्थ अभाव, ठूला उपलब्धि हातपार्न समय लाग्ला । |
| **सिंह** | लक्ष्य प्राप्ति सहज, स्वास्वास्थ्य चिन्ताले सताउने । |
| **कन्या** | आसमारिसकेका काम बन्ने, आफन्तबाट मन आनन्द । |
| **तुला** | आम्दानी बढ्ने, आवश्यकता पूरा, अध्यायनमा सफलता । |
| **वृश्चिक** | आफन्तजनबाट धोका, विवादास्पद जिम्मेबारी । |
| **धनु** | उपलब्धि हातलाग्ने, काममा सफलता मिल्ने । |
| **मकर** | जिम्मेवारीको बोझ, मेहेनतले सफलता मिल्ने । |
| **कुम्भ** | प्रियजनसँग भेट, सोखले गर्दा खर्च बढ्ने छ । |
| **मीन** | शत्रु बढ्ने सम्भावना, पुरानो रोगले सताउने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस २२ गते, २०८०, ७ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.८४ | १३३.४४ |
| युरो | १ को | १४६.६२ | १४७.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.१२ | १६९.८८ |
| स्विस फ्रैन्क | १ को | १५७.८२ | १५८.५४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.४८ | ९०.८९ |
| क्यानाडियन डलर | १ को | १००.२८ | १००.७३ |
| सिंगापुर डलर | १ को | १००.६७ | १०१.१३ |
| जापानी येन | १० को | ९.४२ | ९.४६ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३५.४२ | ३५.५८ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.८६ | ३.८८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१७ | ३६.३३ |
| मलेसियन रिङेट | १ को | २८.९१ | २९.०४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२६ | १०.३० |
| स्विडिस क्रोनर | १ को | १३.१९ | १३.२५ |
| डेनिस क्रोनर | १ को | १९.६७ | १९.७६ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.३५ | ४३४.३० |
| बहराइन दिनार | १ को | ३५२.३६ | ३५३.९५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट घघघ।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# ‘योग र ध्यानको आभ्यासबाट सुशासनको अभियान सार्थक’

**काठमाडौं (प्रस)–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले योग र ध्यानको नियमित अभ्यासबाट सुशासनको अभियानलाई सार्थक बनाउन महत्त्वपूर्ण सहयोग मिल्ने बताएका छन् । गृह मन्त्रालयको समन्वयमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सञ्चालित ‘ध्यानद्वारा ऊर्जा जागरणको एक दिवसीय कार्यशाला’को शनिबार उद्घाटन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले समाजलाई सकारात्मक मार्गमा डोहोऱ्याउन र विश्वभर मानवताको प्रवर्द्धन गर्न योगध्यानको महत्त्वपूर्ण भूमिका रहेको बताए ।

‘योग शारीरिक अभ्यासमात्र नभएर मनको विज्ञान पनि हो,’ उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘ध्यानमार्फत व्यक्ति पूर्ण जागृत अवस्थामा पुग्छ, यसबाट व्यक्तिको कार्यक्षमता पनि अभिवृद्धि हुन्छ ।’ उनले दैनिक योगाभ्यास तथा ध्यानको प्रयोगबाट तनावमुक्त जीवनयापन, गहिरो शान्ति, सत्चरित्रवान् र ऊर्जावान् बन्न प्रेरित तथा परिणाममुखी काम गर्न सकिने दृष्टान्त दिए ।

उपप्रधानमन्त्री श्रेष्ठले योग तथा ध्यानको प्रयोगले प्रशासन र सुरक्षा निकायका कर्मचारीलाई असल मनसायका साथ कार्यसम्पादन गर्न प्रेरित गर्ने तथा राज्यले सुम्पेका जिम्मेवारी पूरा गर्न सहयोग मिल्ने विश्वास व्यक्त गरे । उनले योग, ध्यान तथा सकारात्मक ऊर्जाको विकासलाई सरकारले थालनी गरेको सुशासनको अभियानसँग जोडेर अघि बढाइएको बताए ।

यसखालका कार्यक्रमबाट गृह प्रशासनका कर्मचारी र सुरक्षाकर्मीको दायित्व तथा जिम्मेवारी झन् प्रभावकारी बन्ने उनको विश्वास छ । ‘सरकारले सञ्चालन गरेको सुशासनको अभियानलाई सफल बनाउन योगध्यान कार्यक्रमबाट सहयोग पुग्ने छ,’ उनले भने, ‘अनियमितता, भ्रष्टाचार र ढिलासुस्तीलाई न्यूनीकरण गर्न पनि ध्यान विज्ञानले सहयोग गर्ने छ ।’

गृह मन्त्रालयले औपचारिक निर्णय गरेर नै प्रत्येक कार्यालयमा कामका सुरुआतमा १५ मिनेट ध्यान गरेर सकारात्मक ऊर्जाका साथ काम गर्ने वातावरण बनाएको उपप्रधानमन्त्री श्रेष्ठले बताए । प्रतिष्ठानका कार्यकारी निर्देशक एवं प्रहरी अतिरिक्त महानिरीक्षक सन्दीप भण्डारीले नेपाल प्रहरीको आधारभूत तथा सेवाकालीन तालिममा योग तथा ध्यानसम्बन्धी प्रशिक्षण दिइँदै आइएको बताए ।

जीवन विज्ञानका प्रशिक्षकद्वारा सञ्चालित उक्त ध्यान विज्ञान कार्यक्रममा वरिष्ठ प्रहरी अधिकृत, गृह मन्त्रालयका कर्मचारी र प्रशिक्षार्थी गरी २०० भन्दा बढीको सहभागिता थियो । कार्यक्रममा योगाभ्यास, प्राणायम, ऊर्जा ध्यानको प्रयोग गराइएको थियो ।

# डेढ वर्षमा १२ जनाको मृत्यु, १३ घाइते

**झापा–** जिल्लामा डेढ वर्षको अवधिमा हात्ती आक्रमणबाट १२ जनाको ज्यान गएको छ भने १३ जना घाइते भएका छन् । घरमा सुतिरहेको अवस्थामा, बिहानको हिँडाइका क्रममा र जंगलमा घाँस दाउरा काट्ने क्रममा हात्ती आक्रमणबाट उनीहरूको ज्यान गएको हो । डिभिजन वन कार्यालयका अधिकृत ऋषि पराजुलीका अनुसार गत वैशाखदेखि हालसम्म एक गैरनेपालीसहित छ जनाको हात्ती आक्रमणमा ज्यान गएको छ भने छ जना घाइते भएका थिए । यसैगरी, २०७९ मा सातजनाको मृत्यु र आठजना घाइते भएको उनले जानकारी दिए ।

सोही अवधिमा छ वटा हात्ती मरेको तथ्यांक वन कार्यालयमा रहेको छ । गत वर्ष तीन र चालु आर्थिक वर्षमा तीन गरी छ हात्ती मरेका हुन् । डिभिजन वन कार्यालयको तथ्यांकअनुसार २०६८ देखि २०८० पुस २० सम्ममा झापामा ५८ जनाको मृत्यु भइसकेको छ । त्यसमा सात गैरनेपाली पनि छन् । एक दशकमा ७५ जना हात्तीको आक्रमणमा घाइते भएको वन कार्यालयले जनाएको छ ।

जिल्लामा चार दशकदेखि मानव र हात्तीबीचको द्वन्द्व निरन्तर छ । चार दशकदेखि गुज्रिरहेको जंगली हात्ती र मानवबीच द्वन्द्वको कहिल्यै नसिद्धिने यो सिलसिलाबाट अहिले पनि झापा, मोरङ र सुनसरी आक्रान्त छन् । यो अवधिमा कति मानिसको ज्यान गयो भन्ने पूर्ण तथ्यांक उपलब्ध छैन ।

मेचीपारी भारतमा महानन्द

## मानव-हात्ती द्वन्द्व

वन्यजन्तु निकुञ्ज छ । पश्चिम बंगालको वन्यजन्तु संरक्षण गरिने उक्त जंगलमा आसामदेखि आउने हात्तीले बासस्थान बनाउने गरेका छन् । त्यहाँ दिनभर आराम गर्ने हात्तीको बथान साँझ परेपछि आहारको खोजीमा सीमा तरेर बाहुनडाँगी हुँदै नेपाल प्रवेश गर्ने गरेका छन् ।

खेतबारीमा लगाएका अन्न र फलफूल खाएर विनास गर्ने हात्तीले मानिसलाई पछिल्लो समयमा अधिक आक्रमणको निशाना बनाउँदा अकालमा धेरैले ज्यान गुमाउनुपरेको हात्ती संरक्षण अभियानकर्मी शंकर लुइँटेल बताउँछन् । सीमामै हात्ती छेक्न गरिएको अन्तिम उपाय विद्युतीय तारबारले काम गर्न छाडेपछि पछिल्लो समय हुल बाँधेर हात्ती नेपाल प्रवेश गर्न थालेका छन् ।

गत कात्तिक १९ गते बाहुनडाँगीको गौडाबाट नेपाल प्रवेश गरेका ३६ हात्तीले हाल मोरङ र सुनसरीमा बितण्डा मच्चाइरहेका छन् । एक दशकयता नेपालकै जंगलमा बस्दै आएका रैथाने हात्तीले मानिसको ज्यान लिने गरेको बुद्धशान्ति गाउँपालिका वडा नं ३ का सीताराम वाँस्तोलाले बताए । एक्लै र हुलमा हिँड्ने रैथाने हात्ती मानव बस्तीको भित्री भागसम्म पुग्ने गरेका छन् ।

सरकारले वन्यजन्तुबाट मानवीय तथा भौतिक क्षति भएमा राहत तथा क्षतिपूर्ति रकम दिने कानुनी व्यवस्था गरेको छ । अधिकांश पीडितले बेलैमा सो रकम नपाएको गुनासो छ । वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०७५ मा हात्तीको आक्रमणमा मृत्यु भएको परिवारलाई १० लाख रूपैयाँ राहत दिने व्यवस्था छ । सख्त घाइतेको उपचार सम्पूर्ण व्यहोर्ने र सामान्य घाइतेलाई उपचार खर्चबापत २० हजार रूपैयाँसम्म दिने कानुनी व्यवस्था छ । *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०९/२२

यस कम्पनीको मिति २०८०/०६/२ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **पायोनियर सफ्टवेयर टेक्नोलोजिज् प्रा.लि. (प्रा.लि. नं. १११९००)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/२९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **क्लाउडप्याथो टेक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०९/२२

यस कम्पनीको मिति २०८०/०९/१३ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सपोर्ट ट्रेड लिंक प्रा.लि. (प्रा.लि. नं. ३२६२३९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/१९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **भर्चुअल मल्टिप्रपोज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## कतारमा रोजगार — SMART HOUSE FOR PRE-FABRICATED BUILDINGS WLL

पुनः विज्ञापन

पुर्व स्विकृति मिति: 2080.06.21 चलानी नं. ६०२०८८०७ LT No. 293643

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 01 | काममा दक्ष | 1200 | 43672 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०८० पुष २८ गते (13 Jan. 2024) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**

Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744


# माघीमा खिचरा महोत्सवको तयारी

**चितवन (प्रस)–** थारू संस्कृति जोगाउनका लागि यही पुस २८ गतेदेखि खिचरा महोत्सव आयोजना गर्न लागिएको छ । पूर्वी चितवनको खैरहनीमा नवौं खिचरा महोत्सवको तयारीलाई तीव्र पारिएको हो ।

थारू कल्याणकारिणी सभा क्षेत्र नं ७ को आयोजनामा खैरहनी नगरपालिका-५ गौचरनमा आगामी माघ १० गतेसम्म महोत्सव सञ्चालन हुने छ । आयोजकले शनिबार पत्रकार सम्मेलन गरी महोत्सवको उद्देश्य र तयारीका बारेमा जानकारी गराएको हो ।

माघी पर्वका अवसर पारेर थारू समुदायको सांस्कृतिक, वेशभूषा, भाषा-साहित्य, कला-संस्कृति एवं थारू खानाका परिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बताइएको छ । विगत नौ वर्षदेखि प्रत्येक वर्ष माघ १ गते पर्ने खिचरा पर्वको अवसरमा खिचरा महोत्सव हुँदै आएको छ ।

महोत्सव मूल समारोह समितिका संयोजक रामेश्वर चौधरीका अनुसार महोत्सव सम्पन्न गर्न २०१ सदस्यीय मूल आयोजक समिति र १५ विभिन्न उपसमिति गठन गरिएको छ । ‘राष्ट्रिय एकता र विविधता हाम्रो शान, बहुजाति, भाषा, संस्कृति नेपालको पहिचान’ भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको महोत्सवमा १५० कक्ष रहने छन् । महोत्सवलाई चितवनबासी थारू समुदायले मात्र नभई सम्पूर्ण जातजातिले गर्वका रूपमा लिने गरेको चौधरीले बताए ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०९/१८ गते काठमाडौं, सुकेधारा स्थित पार्किङ गरिराखेको अवस्थामा Pulsar 220 F ABS कालो, रातो रंगको मोटरसाइकल दिनको ३:०० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : दिलीप कुमार तामाङ**
**बाइक नं.: बा.प्र.०२-०४७ प १३४७**
**च्यासिस नं.: MD2A13EX6NCM83633**
**इन्जिन नं. : DKXCNM 37969**
**ठेगाना: कोटेश्वर, काठमाडौं**
**सम्पर्क: ९८५१०५०८६०, ९८४१४५७९४६**

**Bagmati Province Government**
**Ministry of Physical Infrastructure Development**
## Urban Development and Building Office
**Hetauda, Makawanpur , Nepal**

### INVITATION FOR BIDS

**First Date of Publication- 2080/09/22 BS( 2024/01/07 A.D)**

1. *Urban Development and Building Office, Hetauda, Nepal* invites electronic bids from eligible bidders for the construction of **following work** under National Competitive Bidding procedures.

| S.N | Contract No | Description of works | Bid Security Amount (Nrs) | Bid Document Price (Nrs) |
|---|---|---|---|---|
| 1 | UDBO/MAK/NCB /WORKS/04/2080/081 | Pradesh Sabha Hall Interior Furniture Pharnising Phikchars Tatha Landscape Nirman Hetauda, Makawanpur | 11,50,000.00 | 5000.00 |

2. Purchase, Submission and Opening: Bidding document is available online and can be downloaded from e-procurement portal **http:www.bolpatra.gov.np/egp**
3. Information to deposit the cost of bidding document:-

| Activity | Date | Time |
|---|---|---|
| Purchase of Bid | Up to 2080/10/22 (05-02-2024) | Office Hour |
| Submission of Bid | Up to 2080/10/23 (06-02-2024) | 12:00 Hrs |
| Opening of Bid | 2080/10/23 (06-02-2024) | 14:00 Hrs |

Name of the Bank: Rastriya Banijya Bank, Hetauda, Makawanpur
Name of Office: Urban Development and Building Office, Hetauda.
Office Account no. for Bidding Document (Rajaswa Khata): 1000200010000
Rajaswa (revenue) Shirshak no: 14229
Office code no: 3370432013
Office Account no. for Bid Security (Dharauti Khata) :1300100202030000

4. Interested bidders can submit online bids through e-procurement portal http:www.bolpatra.gov.np/egp
5. For all other details, please refer to the complete set of bidding documents at Urban Development and Building Office, Hetauda, Makawanpur Telephone: - +977-057520344 and email address: -udbomak@gmail.com or through website **www.bolpatra.gov.np/egp**

**-Office Chief**

**Kalika Municipality**
## Office of Municipal Executive
Redcrossgram, Chitwan
Bagmati Province

### INVITATION FOR BIDS

**Contract Identification No: 013/Works/NCB/KM/080/081**
**Contract Identification No: 014/Works/NCB/KM/080/081**
**First date of publication: - 2080-09-22 (7th January, 2024)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for construction mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/ Bid Bond Validity Period | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 013/Works/NCB/KM/080/081 | Sundar Basti Gholko Bato KaloPatre Kalika 1 | 120 days from the day of bid opening **(must be valid up to 2081-02-22 (4th June, 2024)** | 22,29,504.17 | 55,000.00 | 3,000.00 |
| 2 | 014/Works/NCB/KM/080/081 | Ward Karyalaya Purbadhar Nirman Kalika 5 | 120 days from the day of bid opening **(must be valid up to 2081-02-22 (4th June, 2024)** | 23,62,193.56 | 60,000.00 | 3,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Bids Submission Date: Before 12 PM on 2080-10-23 (6th February, 2024)**
**Bids Opening Date: At 13:00 PM on 2080-10-23 (6th February, 2024)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal ExecutiveRedcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

Chief Administrative Officer

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# मुलुकको 'अहित' हुने सम्झौता रोक

एउटा सार्वभौम मुलुकभित्र के कस्ता आयोजना सञ्चालन गर्ने भन्ने निर्णय स्वयंले गर्दछ । मुलुकको आवश्यकता पहिचान गरी उक्त आवश्यकता परिपूर्ति गर्ने आयोजना अगाडि बढाउनु सरकारको दायित्व हो । स्वभावैले नेपालजस्तो विकासोन्मुख मुलुकलाई आवश्यक योजनाहरू कार्यान्वयनमा आफ्नै स्रोतले मात्र पर्याप्त हुँदैन । त्यसैले विभिन्न मुलुक र अन्तर्राष्ट्रिय दातासँग सहयोग लिनुपर्ने बाध्यात्मक परिस्थिति रहन्छ । नेपालले यसरी नै विभिन्न दातृ निकाय र विभिन्न मुलुकको सहयोगमा आयोजनाहरू सञ्चालन गर्दै आएको छ ।

विशेषगरी छिमेकी मुलुकहरू भारत र चीनले नेपालमाथि धेरै लगानी गर्दै आएका छन् । अझ भनौं यी दुई मुलुकबीच पछिल्लो समय नेपालमा लगानीका लागि प्रतिस्पर्धा नै चलेको प्रस्ट देखिन्छ । भौगोलिक एवं रणनीतिक हिसाबले दुवै मुलुकका लागि नेपाल महत्त्वपूर्ण भएकोले पनि यहाँ सहायता बढाउन यी दुई मुलुकबीच प्रतिस्पर्धा बढ्नु स्वाभाविक हो ।

छिमेकी मुलुकबीच सहयोगको प्रतिस्पर्धा बढ्नु नेपालका लागि फाइदाको विषय हो । तर यसरी आउने सहयोग सधैं विवादित बन्दै आएको छ । नेपालको आवश्यकताका आधारमा भन्दा पनि आफ्नो स्वार्थअनुकूल गरिने सहयोगका कारण विवादित बन्ने गरेको छ । नेपाल स्वयं पनि आफ्नो आवश्यकताका आधारमा छिमेकी मुलुकको सहयोग परिचालन गर्न चुक्दै आएको छ । प्रस्टरूपमा नेपालको कानुनमाथि हस्तक्षेप हुने खालका आयोजना रोक्न नसक्नु सरकार नेतृत्वको कमजोरी हो । प्रमुख दलका नेताहरू सरकारबाहिर रहँदा चर्को विरोध गर्ने तर आफू सरकारमा हुँदा सहजै सम्झौता गरिदिने प्रवृत्तिले मुलुकको स्वतन्त्रता र सार्वभौमिकतामाथि नै प्रश्न उठ्दै आएको छ । यसमा सच्चिने छनकसम्म नेतृत्वले देखाएका छैनन् ।

यस्तै विवादित सम्झौता पुष्पकमल दाहाल नेतृत्वको सरकारले गरेको छ । भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणाको क्रममा बिहीबार काठमाडौंस्थित भारतीय दूतावासले सीधै २० करोड रूपैयाँका योजनामा खर्च गर्न पाउनेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । यही सम्झौतालाई लिएर अहिले सरकारको आलोचना भइरहेको छ । कुनै बेला भारतको चर्को आलोचक माओवादी अध्यक्ष एवं प्रधानमन्त्री दाहालमाथि अहिले मुलुकको हितविपरीत हुने सम्झौता गरेको भन्दै आलोचित बनेका छन् । यद्यपि उनले यसको बचाऊ गरेका छन् ।

भारतीय दूतावासलाई आफूखुसी सीधै खर्च गर्न दिनु कुनै पनि हिसाबले ठीक होइन । विगतमा भएका अभ्यासले पनि ठीक हुँदैन भन्ने पुष्टि गरिसकेको छ । त्यसै पनि मुलुकमाथि विभिन्न तवरले छिमेकीको हस्तक्षेप बढिरहेको सन्दर्भमा आफूखुसी आयोजना बनाएर खर्च गर्न दिनु हुँदैन । यस्ता आयोजना र सहयोग रोक्नु नै मुलुकको हितमा हुने छ । सम्झौताको बचाऊ गर्नेमात्रै होइन वास्ताविकता के हो भन्ने सरकारले प्रस्टरूपमा बाहिर ल्याओस् ।

## मनन्योग्य

### चाणक्य नीति

तपाईको कुरा सत्य हो, चन्द्रगुप्तप्रति मेरो अनुराग उहाँ पनि मलाई प्यार गर्नुहुन्छ तर म पनि चाणक्यसँग डर मान्छु चाणक्य युगका चतुर कूटनीतिकै भाग नहोस् ?

हुन सक्छ, तर उनका चेहरा कुराका इसले यस्तो प्रतीत भएको देखिएन । हेलनले भनिन्- 'के धर्म यो सम्बन्धमा बाधक त बन्दैन ? त म सम्झन्छु चाणक्यसँग बहस गर्न कोही पनि अगाडि पर्दैन, उनको आँखा र वाणीमा यस्तो तेज छ कि विपक्षी टिक्नै सक्तैन', सत्यकसले भने ।

यता चाणक्यले चन्द्रगुप्तको मन्तव्य पनि जाने । चन्द्रगुप्तको अन्तिम ईच्छा जानी हेलेनसँग विवाह हुने आशा प्रकट गरिदिए ।

यसरी इतिहासको यो अद्वितीय क्षणको स्वीकृति दुवैतिरबाट भयो । दुवै पक्षको स्वीकृति थियो यो घटनाको तर मगधका पजामा जब यसको चर्चा भयो । मानिसका विचारधारा अलग-अलग थिए, एक विजातीय कन्यासँग विवाह ? त्यो पनि मगध सम्राटसँग ? धर्मका कट्टरपत्थी विद्रोह गर्न थाले । प्रजामा कानेखुसी भइरहन्थ्यो ।

चाणक्यलाई यो सबै थाहा थियो । चन्द्रगुप्त यस्तो परिस्थितिले चिन्तित भए तर चाणक्य सधैंजस्तै रहस्यमय शान्ति लिई बसेका थिए ।

चाणक्यले घोषणा गरे- 'जुन प्रजालाई यो विवाह उचित छैन भन्ने लागेको छ ।। तीन दिनपछि आफ्नो तर्कसँगै राजदरबारमा उपस्ति हुनु, हामी खुला सभामा त्यो आपत्तिमा न्यापूर्वक निर्णय गर्छौं ।

अनि तीन दिनपछि ठूलो पानीमा भीड जम्मा भयो । पटागिनीमा एक आश्चर्यलाग्दो स्वर थियो । केही पण्डित मानिसलाई आफ्ना तर्क सम्झाउने प्रवास गर्दै थिए ।

चाणक्य आउनासाथ सबै चूप ! उपस्थित सबैतिर दृष्टि दिँदै आसन ग्रहण गर्न संकेत गरे । आफू पनि आसनमा बसे । चाणक्यले भने- सम्मानित समाज यस सभामा तपाईहरूको दर्शन भयो यो मेरो सौभाग्य हो, यो सभामा नडराई आफ्नो आपत्ति भन्नुहोस् ।

यो चाणक्यको ओजस्वी बोलीको चमत्कार थियो, पण्डित समूह प्रतिरोध गर्न खडा हुनमा झन्झट मानिरहेथे । धेरै अन्तककद्वन्द्वपछि एक ब्राह्मण साहस गर्दै आफू रिसाई बोल्न थाले- 'म मगधका नागरिकका तर्फबाट सोच्छु के युनानी राजकुमारी एवम् विजातीय कन्या हेलनसँग मगध सम्राट् चन्द्रगुप्तको विवाह गरिदैछ ? यो अधर्म हो, सन्तान वर्ण सङ्कट हुन्छ, धर्मले यसको स्वीकृति दिँदैन । क्रमशः

# हिटी सम्पदाको संरक्षणमा यादवलाल कायस्थ



पदम श्रेष्ठ

हिटीको सात्त्विक अर्थ नेपाल भाषामा रगतजत्तिकै महत्त्वपूर्ण तरल पदार्थ भनिएको हो । 'हि' को अर्थ रगत र 'टी' को अर्थ तरल पदार्थ अर्थात् पानी भनेको रगतजत्तिकै महत्त्वपूर्ण पदार्थ भन्ने अर्थले उपत्यकाका धाराका नाम नेपालभाषामा हिटी रहन गएको मानिन्छ ।

यस तथ्यलाई बुझेर हाम्रा आदि पुर्खाहरूले बस्ती निर्माण गर्दा नै काठमाडौंको माथिल्लो टोललाई थँहिटी, तल्लो टोललाई कोहिटी र बीचको केन्द्रीय बस्तीलाई मरूहिटी नामाकरण गरी जमिनमुनिबाटै फिल्टररेसन सिस्टमबाट ढुंगेधारा, सुन्धारा, इनार (टुँथी) कुवा (बुङगाचा) बनाउने परम्परा विकास गरेका थिए ।

त्यसैगरी पाटन, भक्तपुर, कीर्तिपुर, मध्यपुर, टोखा, बनेपा, फर्पिङलगायतका जुनसुकै प्राचीन नेवार बस्तीका संरचनामा हिटीलाई पनि जोडेर बनाएका थिए । यी र यस्ता ऐतिहासिक हिटी, ढुंगेधारा, इनार, कुवाको संरक्षणार्थ उत्खनन र व्यवस्थापनमा क्रियाशील व्यक्ति हुन्, यादवलाल कायस्थ ।

हिटी सम्पदा र मूर्ति संरक्षणका अभियन्ता कायस्थ यिनै तथ्यहरूलाई बुझ्ने/बुझाउने र अतिक्रमित, लोपोन्मुख ढुंगेधारालगायतका पानीका स्रोतहरूको संरक्षणमा लागेको २०७३ सालदेखि हो । मण्डफल्चा भनिने सोह्रखुट्टे पाटी सडक विस्तारको क्रममा सार्दा प्राचीन ढुंगेधारा हिटीमाथि बनाउन खोजेपछि विरोधस्वरूप थालेको हिटी संरक्षण अभियानले गति लिइरहेको छ ।

यस क्रममा काठमाडौं महानगरपालिका वडा-१६ ले थालेको ढुंगेधारा विस्थापनलाई तत्कालीन सभासद वसन्त मानन्धरलाई भनेर अर्कै ठाउँमा सोह्रखुट्टे पाटी सार्न लगाएपछि कायस्थलाई पनि लाग्यो, राजनीतिक नेतृत्वलाई बुझाउन र स्थानीय जनतालाई जागृत गर्न सके हिटी सम्पदाको संरक्षण गर्न सकिँदो रहेछ । लगत्तै स्थानीय बासिन्दाकै पहलमा स्वयम्भू किमडोल र काठमाडौंको नाउँ राख्न सफल येङगा हिटीलाई राणाकालीन दरबारको कम्पाउण्डभित्रबाट सार्वजनिक गर्न पहिलोपटक नेपाली सेनाले सहभागिता जनाएपछि लाग्यो, सेना प्रहरीलाई पनि आग्रह गऱ्यो भने सम्पदा संरक्षण गर्न सकिँदो रहेछ ।

यसरी नै भक्तपुरको जगाती सिंखोहिटी, वचामह्री हिटी र पाटनको भनिमण्डलका हिटीहरू पनि उत्खनन, सफाइ र सार्वजनिक गरेको उनले सुनाए । काठमाडौंको सोह्रहिटी (तीनधारा पाठशाला) को अतिक्रमित ढुंगेधारा र देवीदेवताका मूर्तिसहित कायस्थ अभियानले तीन दर्जनभन्दा बढी हिटी उत्खनन र १५० भन्दा बढी मूर्ति संरक्षणार्थ सम्बन्धित निकायमा दिइसकेका छन् । तर पुरातत्त्व विभागका निर्देशक दामोदर गौतमको पालामा काठमाडौं नक्सालनिरको हिटी पुरेर रामकाजी कोनेले बनाएको घरचाहिँ अभियानले हटाउन सकेन । कायस्थ अभियानको प्रयास जारी छ- कोने र कोनेको जस्तै सम्पदा पुरेर निर्मित घर भवनहरू हटाएर हिटी तथा देवमूर्तिहरू संरक्षण गर्दै जाने ।

स्थानीय तह, पुरात्तत्त्व विभाग, संस्कृति मन्त्रालयलगायतको समन्वय गरी सम्पदा संरक्षण गर्ने उनको अभियान जारी छ । हात्तीसारमा उत्खनन गर्दा ढुंगेधाराको सबै संरचना फेला परे तर धाराको टुटी (जुन ढुंगाले बनेको हुन्छ) त्यो चाहिँ नभेटिएकै हो । सो क्षेत्र पुर्नका लागि पुरातत्त्वले अनुमति दिँदा अभियानले पैसा खाएकोलगायत आरोप पनि खेप्नुपरेको कायस्थ बताउँछन् ।

यस अभियानमा कायस्थलगायत जति पनि जोडिएका छन्, सबैले स्वयंसेवकको रूपमा सम्पदा संरक्षणका लागि काम गरिरहेका छन् । अभियानमा नजोडिए पनि अपमान भने नगरे आफूहरूको मनोवल बढ्ने उनको भनाइ छ । वि.सं. २०७३ देखि हालसम्म यस अभियानका लागि कसैसँग चन्दा वा कुनै शुल्क लिएका छैनन् । अभियन्ताहरू सम्पदा संरक्षणका लागि आफूखुसी जोडिन्छन् । काम गर्दा खाजासमेत आफ्नो गोजीको खर्चले खान्छन् । त्यसो त हिटी उत्खननका लागि आर्थिक सहयोग गर्छु भन्नेहरूको कमी छैन । तर पैसा लिएर सम्पदा संरक्षण गरिन्न, पैसासँग त झगडा, अविश्वास जोडिन्छ । त्यही कारण आर्थिक सहयोग नलिने अभियानको लक्ष्य छ ।

“ यस अभियानमा कायस्थलगायत जति पनि जोडिएका छन्, सबैले स्वयंसेवकको रूपमा सम्पदा संरक्षणका लागि काम गरिरहेका छन् । अभियानमा नजोडिए पनि अपमान भने नगरे आफूहरूको मनोवल बढ्ने उनको भनाइ छ । वि.सं. २०७३ देखि हालसम्म यस अभियानका लागि कसैसँग चन्दा वा कुनै शुल्क लिएका छैनन् । अभियन्ताहरु सम्पदा संरक्षणका लागि आफूखुसी जोडिन्छन् । ”

सम्पदा संरक्षणको अभियान कमाउने माध्यम हुँदै होइन । यस अभियानले पुरिएको ढुंगेधारा उत्खननका साथै चोरिएका मूर्तिहरू फेला परेर पनि प्रहरी चौकीमा अलपत्र छन् । त्यस्ता सम्पदाको सम्बन्धित ठाउँमा लगेर व्यवस्थापन गर्ने काम पनि सँगसँगै गरिरहेको कायस्थ बताउँछन् ।

## ढुंगेधारा र मूर्ति

यादवलाल कायस्थको दृष्टिकोणमा रगतको झोलरूपि हिटीलाई ढुंगेधाराको नाउँमा विस्थापन गर्नुहुँदैन । आधुनिक प्रविधिबाट वितरण हुने धाराको पानी खासै हाम्रा पुर्खाले निर्माण गरी छोडेको हिटीजस्तो वैज्ञानिक प्रविधियुक्त हुँदैन । त्यही कारण हिटीलाई ढुंगेधारा भन्न नहुने उनको तर्क छ । किनभने धारा मुहानको पानी सीधै पोखरीमा जम्मा गरी घर-घरमा वितरण गरिन्छ । त्यही पानीलाई ढुंगेधारा बनाएर पानी वितरण गर्दा ढुंगेधारा भन्नु उचित हो । रगतजस्तै महत्त्व बोकेको पानी हिटी नै भन्नु उपयुक्त होला । मुहानको पानीलाई प्राकृतिक रूपमा नै बगाएर ठाउँ-ठाउँमा फि अर्थात् बालुवा, गठचा, हाकुचाजस्ता ६५ प्रकारका माटोमार्फत छानेर धारासम्म पानी पुऱ्याइन्छ ।



फ्रान्सलगायत विकसित मुलुकहरूमा पनि ढुंगेधारा प्रविधि आकाशमार्गमा राखिएको हुन्छ तर जमिनमुनिको माटोसँग धाराको पानीसँग कुनै सम्बन्ध हुँदैन । त्यसैले फिल्टर सिस्टमलाई अप्रेसन गरेर जन्माएको बच्चाजस्तै भन्न सकिन्छ । नेपालमा विशेषगरी प्राचीन नेवार बस्तीहरूमा निर्मित हिटीलाई प्राकृतिकरूपमा नै जन्माएको सन्तानजस्तै भन्न सकिन्छ । नेपाली हिटी परम्परा विश्वकै नमूनायुक्त वैज्ञानिक प्रविधि भएकोले यसको संरक्षण राज्यबाटै हुनुपर्ने अभियन्ता कायस्थको भनाइ छ ।

## हिटी संरक्षण अभियान

काठमाडौं महानगरपालिका-२ स्थित ललितानिवाससँगै विश्वविख्यात आँखाको डाक्टर सन्दुक रूइतले बनाउँदै गरेको भवन कम्पाउण्डभित्र प्राचीन ढुंगेधारा पुरिएको कुरा स्थानीय सुरेश साहीले सार्वजनिक गरिदिए । त्यो आवाजलाई नेपाली कांग्रेसका स्थानीय नेता दिनेश तुलाधरले समर्थन गर्दै हिटी उत्खननका अभियन्ता यादवलाल कायस्थसम्म पुऱ्याइदिए । त्यसपछि त्यो उत्खनन अभियानमा उनी तथा उनको टिमले तत्काल सहभागिता जनाएपछि ढुंगेधारा सार्वजनिक हुन सकेको हो । अभियानकै पहलमा कामपा-२ का वडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले हिटीलाई प्राचीन परम्पराअनुसार निकास मुहानको खोजी गरी कलात्मक ढंगमा पुनर्निर्माण थाल्ने प्रतिबद्धता जनाएका छन् । त्यसैगरी अभियानले कतै आफैंले खोजेर त कतै स्थानीय बासिन्दाको पहलमा सहभागिता जनाउँदै हालसम्म तीन दर्जनभन्दा बढी ढुंगेधारा उत्खनन, संरक्षण र व्यवस्थापन गरिसकेका छन् ।

## अभियानद्वारा संरक्षित हिटीहरू

बटुकभैरव मन्दिरपरिसर- लगनखेलस्थित उक्त मन्दिरपरिसर सडक विस्तारका क्रममा भत्काउने योजनाविरूद्ध फेसबुक लाइभ गरेर रोक्न अभियान सफल भएको थियो । त्यसैगरी काठमाडौंका परम्परागत बस्तीमा सडक विस्तारविरूद्धको अभियानमा सुमन सायमीसँग पनि सहयात्रा गरेका कायस्थले तीन दर्जनभन्दा बढी हिटी सम्पदाको संरक्षणमा योगदान पुऱ्याएका छन् । यस्ता हिटीहरूमध्ये उदाहरणीय कर्म निम्न छन् ।

१) स्वयम्भूबाट आनन्दकुटी पढ्न जाँदा देखिने हिटी
३) किमडोलको म्ये छ्यो हिटी/फल्चा
४) कामपा-१ वडाको तीनधारा पाठशालाको सोह्रहिटी
५) १० वडाको बानेश्वर चोक ३० फिट खन्ने योजना
६) भक्तपुरको सूर्यविनायक नगरपालिका वडा-८/९ को सिंखो हिटी फल्चा
७) भक्तपुर-९ वचामह्री
८) कामपा-१६ यराहिटी चक्रपथ सुधार योजना हटाउन परिपत्र गर्दा
९) थिमी थापा हिटी स्थानीय नगरपालिका
१०) हिटी दुने, फल्चा पिने पनि उत्खनन गरेको तर पुनर्निर्माण गर्दा उल्टो भएको ।
११) भक्तपुर जिल्ला शिक्षा कार्यालय अगाडिको हिटी
१२) पाटन भनिमण्डल जलस्रोत आयोजनाको अगाडि उत्खननको तयारी ।

यस अभियानमा स्वयंसेवकको दृष्टिले जोडिएका व्यक्तिहरू शंकर जोशी, सुरज महर्जन, इन्द्र डंगोल, रवीनमान नकर्मी, सुरेश डंगोल लगायत १६/१७ जना निरन्तर संलग्न छन् । यस्तै आफ्नो काम, व्यवसाय सम्हाल्दै फुर्सदको समयमा जोडिनेहरू पनि थुप्रै छन् ।

## सेनाको जागिर छाडेर हिटी संरक्षण अभियान

वि.सं. २०३६ मंसिर २५ गते शिवलाल कायस्थ र विमला कायस्थका कान्छो छोराको रूपमा जन्मिएका हुन्, यादवलाल । काठमाडौंको नःघल थँहिटीमा हुने ३६५ दिनमा २६४ वटै बाजागाजा बजाएर आउने जात्रामा खटका देवतासँगै थाले । उनले १० वर्ष नेपाली सेनामा जागिरे जीवन बिताए । तर एकोहोरो आदेशको भरमा बाँच्नुपर्ने जागिरे जीवन उनलाई ठीक लागेन । अन्ततः राजीनामा दिएर स्वतन्त्र जिउने विचार निर्णय लिए । आमा सानैमा बितेकोले सम्पदाको सरसफाइ गर्दै हिँड्ने बुबासँगै उनी हिँड्न थाले । बुबाले टोलमा रहेका प्रत्येक सम्पदा (देवता र हिटी) यादवलाललाई चिनाए । बुबाको त्यही कामले उनलाई सम्पदा संरक्षण अभियन्ता बनायो ।

नेपाली सेनामा जागिर खाँदा शान्ति सेनामा जाने अवसर दुईपटक आउँदा पनि गएनन् । किनभने शान्ति सेनामा गएर पैसा कमाउने रहरभन्दा पनि स्वदेशको सेवा गर्ने धोको बढी थियो उनमा ।

## उपत्यकामा करिब ५०० ढुंगेधारा

उपत्यकाका पाँच पुर पाँच नगरीमा करिब ५०० वटाभन्दा बढी ढुंगेधारा रहेका छन् । ढुंगेधारामा विभिन्न अनुसन्धानबाट भएको तथ्यांकअनुसार ४० प्रतिशत पानी आउने, ३२ प्रतिशत पानी नआउने, संकटमा परेका (लोप हुन लागेको अवस्थामा) छ प्रतिशत र हराएका वा फेला नपरेका १४ प्रतिशत रहेको उल्लेख छ ।

कायस्थ अभियानले हिटीमा उत्खननको क्रममा सर्वप्रथम पानीको निकास राम्रो हुनुपर्ने जनाएको छ । यस्ता हिटीहरू अतिक्रमणको स्थितिमा रहेका छन् भने हिटीलाई स्थानीय जनता, जनप्रतिनिधिसँग हारगुहार गरी संरक्षण गराउने गर्दै आइरहेका छन् । यादवलाल स्पष्ट शव्दमा भन्छन्, अभियान आफैंले बनाउँदैन र चन्दा, दान सहयोग लिँदैन । किनकि चन्दा सहयोगबाट कामभन्दा बढी विवाद हुने र अन्त्यमा लक्ष्यसम्म पुग्नै सक्दैन । अभियन्ताहरूको आ-आफ्नै पेसा व्यवसाय भएको कारण खाजा र यातायात खर्च पनि आफैंले राखेर मात्र आफ्नो मन, वचन र श्रमदानबाट जे गर्न सकिन्छ त्यही गर्दै जाने मूल कडी भएको उनी बताउँछन् ।

आफूहरूले गरेको कामको जस जसले लिए पनि सरोकार नहुने उनको भनाइ छ । तर अभियानले देखाएको हिटी सम्पदाको संरक्षण नगरेसम्म जिम्मेवार निकाय, जनप्रतिनिधिलाई जगाइरहने प्रतिबद्धता छ । सहरी जीवनको संस्कार, संस्कृति र परम्परासँग जल सम्पदाको अभिन्न नाता छ । यसको महत्त्वलाई वास्तुकलाले सम्पन्न ढुंगेधारालाई हिटी संरचनामा जोडिरहनेमा कायस्थ अभियान प्रतिबद्धता छ ।



**एकीकरण पदयात्रा** | गोरखा दरबारबाट शनिबार एकीकरण पदयात्रामा निस्किएको नेपाली सेनाको टोली । सो टोली धादिङ–नुवाकोट हुँदै पुस २६ गते काठमाडौं पुग्ने छ ।

*तस्बिर: दीपक श्रेष्ठ/रासस*

# बरहथवामा निषेधाज्ञाको अवधि थपियो

**मलंगवा (सर्लाही)–** शुक्रबार अपराह्नदेखि अशान्त रहेको सर्लाहीको बरहथवामा शनिबार पनि निषेधाज्ञा (कर्फ्यू) आदेश जारी भएको छ । विरोध प्रदर्शनका क्रममा शुक्रबार ज्यान गुमाएका युवकको शव घटनास्थलबाट उठाउन आन्दोलनकारी दिएका छैनन् ।



बरहथवाको प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतिको माग गर्दै भएको विरोध प्रदर्शनमा बरहथवा नगरपालिका-६ का ३० वर्षीय जयशंकर साहको मृत्यु भएको थियो । दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने, मृतकका नाममा ५० शयचाको प्रादेशिक अस्पताल बरहथवामा बनाउनुपर्ने, मृतकलाई सहिद घोषणा गर्नुपर्ने माग राखेर आन्दोलित पक्षले शव घटनास्थलबाट उठाउन दिएको छैन ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले निजको मृत्युको कारण आफूलाई थाहा नभएको तथा आफूले सुरक्षाकर्मीलाई गोली प्रहार गर्ने आदेश नदिएको बताए । आन्दोलित पक्षले शवलाई घेरा हालेर बसेका कारण उठाउन नसकिएको उनले बताए । घटना सम्बन्धमा छानबिन गर्न तथा शव उठाउने विषयमा सबै पक्षसँग संवाद जारी रहेको उनले बताए ।

उक्त घटनालाई लिएर सदरमुकाम मलंगवा र कविलास नगरपालिकाको सलेमपुरमा पनि शनिबार बिहानैदेखि टायर बालेर विरोध प्रदर्शन भएको थियो । शुक्रवार आन्दोलनकारी र प्रहरीबीच झडप हुँदा दुवैतर्फ केही घाइते भएका थिए । झडपपछि स्थानीय प्रशासनले बरहथवा बजार क्षेत्रमा निषेधाज्ञा जारी गरेको थियो ।

शुक्रबार बेलुका ५:३० देखि शनिबार बिहान ८:०० बजेसम्म निषेधाज्ञा जारी गरेको थियो । बरहथवा क्षेत्रको अवस्था समान्य नभएपछि स्थानीय प्रशासनले शनिबार पनि बिहान ८ देखि आइतबार बिहान ८ बजेसम्म निषेधाज्ञाको अवधि थप गरेको छ ।

बरहथवामा भारी मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको छ । प्रदर्शनकारीले बरहथवा नगरपालिका प्रमुख कल्पनाकुमारी कटुवालको निवास तथा नगरपालिकामा ढुंगामुढा गरेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हावामा गोली चलाउनुका साथै र अश्रुग्यास प्रहार गरेको थियो । नगरप्रमुख कटुवालको निवासअगाडि पार्किङ गरी राखिएको एउटा भारतीय नम्बरको कार र एउटा मोटरसाइकलमा आन्दोलनकारीले आगजनी गरेका थिए । *रासस*

# घरमै सुत्केरी भए कालो टीका !



**बलेवा (बागलुङ)–** केही वर्षअघिसम्म सुत्केरी हुने बेला गोठ खोज्ने बज्रबाङ र स्याउलाका महिला अहिले गर्भ रहेको थाहा पाएदेखि स्वास्थ्यचौकी धाउँछन् । आठपटक गर्भ जाँच गर्ने तथा स्वास्थ्यचौकीमै सुत्केरी हुने कुरा यहाँका सबै महिलालाई थाहा छ ।

गाउँमा चालु आर्थिक वर्ष सुरु भएपछि १५ जना सुत्केरी भए । उनीहरू सबै सुरक्षित स्वास्थ्य संस्थामा सुत्केरी भएका हुन् । तमानखोला गाउँपालिका-१ मा पर्ने यी गाउँमा एउटा सक्रिय आमा समूह छ । गर्भवती र सुत्केरी तथा नवजात शिशुको जीवन रक्षाका विषयमा बुझेको आमा समूहले नौलो अभियान चलाएको छ । यी गाउँमा अहिले घरमा सुत्केरी हुन पाइँदैन । कसैले अटेरी गरे परिवर्तनशील स्वास्थ्य आमा समूह सुत्केरीकै घरमा पुग्छ र कालो टीका लगाइदिन्छ ।

घरमै सुत्केरी भए गाउँघरमा अशुभ मानिने कालो टीका लगाउनुपर्ने भएकाले दुई वर्षयता घरमा सुत्केरी हुनेको संख्या शून्य छ । 'गर्भजाँच नगरे पनि पहेँलो टीका लगाउनुपर्छ, आठपटक गर्भ जाँचेर स्वास्थ्यचौकीमा सुत्केरी भए बल्ल रातो टीका लगाउन पाइन्छ,' बज्रबाङकी रविना विकले भनिन्, 'मैले सबै जाँच पूरा गरेर स्वास्थ्य संस्थामा बच्चा जन्माएकी हुँ ।'

आमा समूहले उक्त अभियान सुरु गरेदेखि कोही पनि घरमा सुत्केरी भएका छैनन् । घरमा सुत्केरी हुँदा आमा र बच्चाको स्वास्थ्यमा हुनसक्ने जोखिमको विषयमा सबै महिलाले जानकारी पाएका छन् । यहाँका पुरुषले पनि आमा समूहको यो अभियानलाई सहयोग गरेको छ । गर्भावस्था र सुत्केरी अवस्थाका सम्भावित जोखिमको विषयमा धेरै सचेतनाका कार्यक्रम सञ्चालन भए । सरकारी र गैरसरकारी संस्थाबाट भएका प्रयास यहाँको परम्परागत मान्यताका कारण सफल हुन सकेका थिएनन् । तर, अहिले समूहमा आबद्ध भएका महिला आफैंले कालो टीकाको नियम लगाएका हुन् ।

'आफैंले बनाएको नियम आफैंले नमान्न भएन नि,' बज्रबाङकी स्वास्थ्य स्वयंसेवीका रूपमाया घर्तीले भनिन्, 'अहिले गर्भवती खोजीखोजी स्वास्थ्य संस्था जाने गरेका छन् ।' आमा समूहले गर्भवती, सुत्केरी र नवजात शिशुका विषयमा सचेतनाका कार्यक्रम, पोषणसम्बन्धी सचेतनाका कार्यक्रमसमेत चलाउने गरेको छ । गाउँमा भएका गर्भवती र सुत्केरीको विषयमा जान्न बुझ्न समूहको नियमित बैठक हुन्छ । त्यही बैठकले सबै आमा र बच्चाको सुरक्षित भविष्यको विषयमा योजना बनाउँछ तथा कार्यान्वयन गर्छ ।

तीन वर्ष पहिले तमानखोला गाउँपालिकाले बज्रबाङमा गाउँघर क्लिनिक सञ्चालनमा ल्याएको छ । बिवाइसी बागलुङसँग मिलेर त्यहाँ क्लिनिकका लागि भवन बनेको छ । गर्भजाँचका लागि बोंगादोभान स्वास्थ्यचौकीबाट स्वास्थ्यकर्मी त्यहीं पुग्छन् । त्यहाँबाट बोंगादोभान पठाइएका गर्भवती त्यहाँ सुत्केरी हुन नसक्ने अवस्था आए बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र पठाइन्छ । त्यहाँ पुग्न गाउँपालिकाले यातायात खर्च दिन्छ । त्यहाँभन्दा बाहिर जाँदा १० हजार रूपैयाँ खर्च गाउँपालिकाले नै दिने गरेको छ ।

'बर्थिङ सेन्टर भएकाले गाउँपालिकाभरिकै गर्भवती यहाँ आउनुहुन्छ, होम डेलीभरी शून्यमा झारेका छौं,' बोंगादोभान स्वास्थ्यचौकीकी अहेव रविना बुढा मगरले भनिन्, 'अहिले गाउँपालिकाले चिकित्सकसमेतको व्यवस्था गरेकाले धेरै सजिलो हुन्छ ।' स्वास्थ्य संस्थामा आएका अधिकांश गर्भवतीलाई समयमा नै समस्याको पहिचान गर्ने र अन्यत्र पठाउनुपर्ने भए समयमै पठाउने गरेको उनले सुनाइन् । *रासस*

# अस्पतालबाट छुट पाएपछि घर फर्किए दुर्गाप्रसाद

**इलाम–** उपचारको रकम तिर्न नसक्दा अस्पतालमै बस्न बाध्य माई नगरपालिका-१० लुम्बाकका ६४ वर्षीय दुर्गाप्रसाद शर्मा तिम्सिना घर फर्किएका छन् ।




विनासुनुवाइ भारतीय जेलमा चार दशक बिताएपछि २०७७ सालमा घर फर्काइएका उनलाई गत वर्ष परिवारले चितवनको खैरहनी नगरपालिका-११ स्थित ब्युटिफुल माइण्ड इन्स्टिच्युट अफ साइक्याट्रीमा उपचारका लागि भर्ना गराएका थिए । छ महिनाअघि नै उनको स्वास्थ्यमा सुधार आएको चिकित्सकले बताए पनि अस्पतालको बिल तिर्न नसक्दा बन्धकझैं भएर अस्पतालमै बस्नु परेको थियो ।

परिवारको कमजोर आर्थिक अवस्था बुझेर चितवनको ब्युटिफुल माइन्ड इन्स्टिच्युट अफ साइक्याट्रिनले उपचारमा भएको खर्च नलिई घर पठाएको छ । दुर्गाप्रसाद एक वर्ष नौ महिना सात दिन सो अस्पतालमा रहेको अस्पतालले जनाएको छ । उनी निको भएको छ महिना भइसके पनि अस्पतालमा तिर्नुपर्ने करिब चार लाख १५ हजार रूपैयाँ नहुँदा घर जान पाइएको थिएन ।

विभिन्न सञ्चारमाध्यममा उपचार खर्च अभावले अस्पतालमै बस्न बाध्य दुर्गाप्रसाद शीर्षकमा समाचार आएपछि अस्पतालले उनले बुझाउन बाँकी रकम नलिई घर पठाएको अस्पतालका अध्यक्ष डा. गिरिराज भन्तानाले बताए । उनले दुर्गाप्रसादको स्वास्थ्यमा सुधार आइसकेको बताए ।

'दुर्गाप्रसादमा देखिएको रोग सिजिफ्रेनिया हो,' डा. भन्तानाले भने, 'शतप्रतिशत निको भएको त होइन तर उहाँमा जति सुधार हुनुपर्ने हो, त्यति भइसकेको छ ।' उनले दुर्गाप्रसाद अब पहिलाभन्दा सामान्य जीवन बिताउनसक्ने र अरूले भनेको काम गर्नसक्ने भएको बताए ।

'छ महिनाअघि नै ठूलोबुबालाई घर लैजाँदा हुन्छ भनेर चिकित्सकले सल्लाह दिए पनि आर्थिक अभावले अस्पतालमै राख्नुपरेको थियो,' दुर्गाप्रसादका भतिजा गोपाल तिम्सिनाले भने, 'अस्पताललाई बुझाउने पैसा नभएपछि करिब छ महिनादेखि अस्पतालमा बन्धकझैं बन्नुभएको थियो, अस्पतालको छुटले राहत पायौं ।'

दुर्गाप्रसादलाई २०७७ चैतमा भारतको कोलकाता जेलबाट छुटाएर घर ल्याइएको थियो । दुर्गाप्रसाद २०३७ साल माघमा बेपत्ता भएका थिए । घर छाडेकै वर्ष भारत दार्जीलिङमा एक महिलाको हत्या आरोपमा जेल परेका उनी २०७७ फागुनमा भारतकै कोलकातास्थित दमदम कारागारमा फेला परे । विभिन्न संघ-संस्थाको पहलमा उनलाई २०७७ चैत ८ मा आफ्नी वृद्धा आमासहितको परिवार रहेको लुम्बाकस्थित घर ल्याइएको थियो ।

इलामस्थित जिल्ला प्रशासन कार्यालयले दुर्गाप्रसादलाई घर आएपछि नागरिकता प्रदान गरेको थियो । कोशी प्रदेश सरकारले उनको केही उपचार निःशुल्क गरिदिएको थियो । उनको घर रहेको माई नगरपालिकाले आर्थिक अवस्था कमजोर रहेका दुर्गाप्रसादको जीवन सहज बनाउन ५० हजार रूपैयाँ प्रदान गरेको थियो ।

उपचारपछि घर आएका दुर्गाप्रसादमा पुनः सामाजिकीकरणको समस्या दोहोरिएको थियो । लामो समय जेलमा रहेको र यातना पाएका कारण मानसिकरूपमा विक्षिप्त बनेका दुर्गाप्रसादको व्यवहार निकै असहज भएपछि उनलाई उपचारमा लगिएको स्थानीय रोहित आचार्यले बताए । *रासस*

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय इटहरी, सुनसरीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०९/२२ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय इटहरी, सुनसरीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २९ गते आइतबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्धारा शाखा कार्यालय इटहरी, सुनसरीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरण:**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय सुनसरीमा मिति २०७३/११/०३ मा प्रा.फ.र.नं. ५४१५/२०७३/०७४ कायम भई दर्ता रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **एस कलेक्सन** (स्थायी लेखा नम्बर: ६०५७४३०४७, मिति २०७४/०७/१४) ।

**प्रोप्राइटरको विवरण:**

१. टिकाराम ओली/हिमादेवी ओलीको नाति, हरी प्रसाद ओली/शिवमाया ओलीको छोरा, रोशना बोगटीको पति, झापा जिल्ला कोहवरा गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं ०६ बस्ने **राम प्रसाद ओली** (ना.प्र.नं. ४९८५६१७९, जारी मिति २०५८/१०/१८, जिल्ला प्रशासन कार्यालय झापा) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**

१. कृष्ण बहादुर बोगटी/श्यामा सुन्दरी बोगटीको नातिनी, रोशन बोगटी क्षेत्री/विष्णु माया बोगटीको छोरी, हरी प्रसाद ओली/शिव माया ओलीको बुहारी, राम प्रसाद ओलीको पत्नी, भक्तपुर जिल्ला, मध्यपुरठिमी गा.वि.स., वडा नं. १५ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ०६ बस्ने **रोशना बोगटी** (ना.प्र. नं. २९-०१-०६७-०२८२८, जारी मिति २०६७/०५/०७, जिल्ला प्रशासन कार्यालय भक्तपुर) ।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **राम प्रसाद ओली**को नाममा मालपोत कार्यालय, दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थित कित्ता नं. १६७ को क्षेत्रफल जम्मा ७८९.२५ (व.मी.) रहेको जग्गा तथा साको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **राम प्रसाद ओली**को नाममा मालपोत कार्यालय, ईनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ०२ स्थित कित्ता नं. १४६६, १४६७, १४६४ र १४६५ को क्षेत्रफल क्रमश ०-०-११.५-०, ०-०-९-०, ०-०-९-० र ०-०-१२.७५-० (बि.क.धु.क) रहेको जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनी कुमारी बैंक लि.र ऋणी **एस कलेक्सन** कायम भई बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय एकान्तकुनामा दर्ता कायम भएको इन्जिन नं. G4FLMV115881, च्यासिस नं. MZBEU812TMN197576, सवारी नं. प्रदेश ३-०१-०२४ च ७७२७, को KIA Seltos थान १ ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० पुस २८ गते** भित्र बैंकको शाखा कार्यालय इटहरी, सुनसरीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय इटहरी, सुनसरीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा इटहरी, सुनसरीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय इटहरी, सुनसरीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० पुस २९ गते आइतबार अपरान्ह ३:०० बजे**


कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय इटहरी, सुनसरी, फोन नं. ०२५-५८६६५९,०२५-५८६६६१**




## मण्डला नाटकघरमा 'पगला घोडा'

थिएटर आकारको प्रस्तुतिमा मण्डला नाटक घरमा 'पगला घोडा' को नियमित मञ्चन भइरहेको छ । निर्देशक घनश्याम श्रेष्ठले अहिले देखिएको निराशालाई आशामा परिवर्तन गर्न पगला घोडा नाटक सान्दर्भिक र उत्कृष्ट कथा लागेकाले पनि यसको मञ्चन गर्न लागिएको बताए । यही पुस १२ गतेदेखि सुरू भएको मञ्चन आगामी माघ ६ गतेसम्म हुने नाटक भारतीय सुप्रसिद्ध नाटककार बादल सरकारले लेख्नुभएको कथामा आधारित छ । उक्त नाटकलाई नेपालीमा भाषामा शिव खाँड ठकुरीले अनुवाद गरेका हुन् । सन् १९७० को दशकमा प्रगतिशील, स्थापना विरोधी नाटकका लागि परिचित रहेका सरकारको नाटकलाई अनुवाद सुपरिवेक्षण नाट्यकर्मी अशान्त शर्माले गरेका छन् ।





# २२ वर्षपछि गायनमा शशि गुरुङ




■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक शशि गुरुङले २२ वर्षपछि नयाँ गीत सार्वजनिक गरेका छन् । राजधानीमा पत्रकार सम्मेलनको आयोजना गर्दै 'तिमीले हेर्न चाहे' को श्रव्यदृश्य सार्वजनिक गरिएको हो ।

उक्त अवसरमा गुरुङले आगामी दिनमा गायनलाई निरन्तरता दिने बताए । 'म सरकारी जागिरे भएकाले गीतसङ्गीतलाई निरन्तरता दिन पाइन् । अब निरन्तररूपमा आफूलाई यस क्षेत्रमा प्रस्तुत गर्नेछु', उनले भने, 'धेरै गीत गाएर स्थापित वा चर्चित भइदैन भन्ने मैले बुझेको छु । थोरै तर स्तरीय गीतमार्फत आफ्नो दर्शकसँग साक्षात्कार हुन सकिन्छ ।' गुरुङले आफूलाई मामाको प्रभावले गीतसङ्गीतमा अगाडि बढ्न प्रेरणा मिलेको बताए ।

उक्त गीत प्रकाश सायमीले रचना गरेका हुन् भने सङ्गीत सिर्जना प्रविन बराइलीले गरेका छन् । गीतको श्रव्यदृश्यमा कुशल केसी र मुना भूर्तेलले अभिनय गरेका छन् ।

गीत हेर्दा आँखालाई शितलता दिएको र सुन्दा कर्णप्रिय लागेको वरिष्ठ गीतकार नगेन्द्र थापाले बताए । 'म चलनचल्तीका गीतको सम्पर्कमा छैन । अहिले आइरहेका गीतमध्ये सशक्त शब्द र कर्णप्रिय सङ्गीत भएको गीत यो हो । यो गीत बाचिरहने किसिमको बनेको छ', उनले भने, 'उहाँको गायन शैलीको ताजगी उस्तै छ । उहाँलाई निरन्तरता दिनुस् र यस्तै बाच्ने गीतसङ्गीत सिर्जना गर्नुहोस् भन्न चाहन्छु ।'

अमेरिकामा रहेका गायक ओमविक्रम विष्टले श्रव्यदृश्य सन्देश पठाउँदै गायक गुरुङलाई शुभकामना दिए । उनले भने, 'उहाँ (गायक गुरुङ) सँग गीत गाउने मौका पाएको छैन । उहाँले गर्नुभएको सुरुआतले गीतसङ्गीतमा नयाँ आयाम थप्नेमा विश्वस्त छु । यो स्रोतासँगै सर्जकलाई पनि मनपर्ने गीत बनेको छ ।'

उक्त अवसरमा 'बितेका पलहरू' बोलको लिरिकल भिडियोसमेत देखाइएको थियो । उक्त गीतमा भूषण खरेलले शब्द रचना र शक्ति बल्लभले सङ्गीत भरेका छन् । कार्यक्रममा गीतकार दिनेश अधिकारी, श्री पुरुष ढकाल, सङ्गीतकार राजुसिंहलगायत सङ्गीतकर्मीको उपस्थिति थियो ।

# फ्लावियालाई

## 'मिस इको इन्टरनेसनल नेपाल २०२४' को ताज

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस इको इन्टरनेशनल नेपाल २०२४'को विजेता फ्लाविया महर्जन घोषित भएकी छन् । काठमाडौंकी २१ बर्षिया विजेता महर्जनले इजिप्टमा आयोजना हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिस इको इन्टरनेशनल २०२४' नेपालको प्रतिनिधित्व गर्नेछिन् ।

ग्रीनआर्ट मिडियाले राजधानीमा शुक्रबार साँझ आयोजना गरेको कार्यक्रममा महर्जन 'मिस इको इन्टरनेशनल नेपाल २०२४'को ताज सहित इजिप्ट प्रतियोगीताका लागि छनौट भएकी हुन् । कार्यक्रममा महर्जनलाई गतबर्षकी विजेता रक्षा उप्रेतीले 'मिस इको इन्टरनेशनल नेपाल २०२४'को ताज लगाइदिएकी थिइन् ।

स्ट्याण्ड लन्च एण्ड बार बत्तीसपुतलीमा आयोजित कार्यक्रममा अन्तराष्ट्रिय कोरियोग्राफर रोजिन शाक्य, अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगीता हेरिटेज प्याजेन्टका निर्देशक सन्तोष सापकोटा, कोरियोग्राफर जयन सुब्बा मानन्धर, ग्रीन आर्ट मिडियाका सिइयो प्रविन लाकौल, चलचित्र पत्रकार संघका उपाध्यक्ष कुबेर राज गिरी, संचारकर्मी अनुरा भट्टराई, मिस स्टार युनिभर्स २०२३ श्रृष्टि महर्जन, मिस हेरिटेज २०२३ आज्मा महर्जन लगायतको उपस्थिती थियो ।

कार्यक्रममा गत बर्षकी 'मिस इको इन्टरनेशनल' विजेता उप्रेतीले इजिप्टमा आयोजना हुने अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगीता 'मिस इको इन्टरनेशनल' नेपाललाई विश्वमा चिनाउने एउटा सुनौलो अवसर भएको बताउदै उक्त मञ्चको महर्जनले राम्रोसँग सदुपयोग गर्ने बताइन् । उप्रेतीले महर्जनबाट 'मिस इको इन्टरनेशनलको' ताज नेपाल भित्रिने आस गर्न सकिने धारणा राखिन् ।

विजेता महर्जनले मिस इको आफ्ना लागि एउटा राम्रो अवसर भएको बताइन् । उनले अवसर प्रदान गर्ने ग्रीन आर्ट मिडिया प्रति आभार व्यक्त गर्दै प्रतियोगीतामा जस्तो सुकै चुनौती आएपनि सामना गर्ने धारणा राखिन् । प्रतियोगीतामा आफुले नेपालका कल्चरल, साँस्कृतिक र पर्यटकीय स्थानको समेत प्रचार गर्ने उनले बताइन् ।

ग्रीन आर्टस मिडियाका सिइयो प्रविन लाकौलले महर्जनले 'मिस इको इन्टरनेशनल'मा नेपालको नाम राखेर फर्किन बताए । अन्तराष्ट्रिय कोरियोग्राफर रोजिन शाक्यले नेपालको प्रतिनिधित्व गरेर अन्तराष्ट्रिय प्रतियोगीतामा सहभागी हुन पाउनु निकै गौरवको विषय भएको बताउदै उक्त अवसरको सदुपयोग गर्दै आफ्नो र राष्ट्रको नाम उचो राख्न महर्जनलाई सुझाए ।

आगामी फेब्रुअरीमा आयोजना हुने प्रतियोगीतामा ६० बढी देशका इको सुन्दरीहरूको सहभागिता रहनेछ । प्रतियोगिताका लागि महर्जन नेपालको तर्फबाट एक्लो प्रतिनिधि हुन् । महर्जनलाई प्रतियोगिताका लागि ग्रीन आर्ट मिडियाकी प्रवन्ध निर्देशक तथा अन्तर्राष्ट्रिय कोरियोग्राफर अनिला श्रेष्ठ र नेपालका प्रतिष्ठित व्यक्तिहरूबाट ग्रुमिङ गरिनेछ । ग्रीन आर्टस मिडियाकी अनिला श्रेष्ठ २०१५ देखि मिस इको इन्टरनेशनलको आधिकारिक नेपाल राष्ट्रिय निर्देशकको रूपमा चुनिएकी हुन् । मिडियाको सिइयोमा प्रविन लाकौल रहेका छन् ।

मिस इको इन्टरनेशनल एक प्रतिष्ठित अन्तर्राष्ट्रिय सुन्दरी प्रतियोगिता हो । जसको एल.टी.सि.पि. अर्गनाइजेशनले ब्युटी फर इको' जागृत गर्दै टुरिजम् र वातावरणको विषयलाई मुख्य कार्यक्षेत्र बनाई इजिप्टबाट २०१५ देखि सुरु गरेको हो । यसको मुख्य उद्देश्य विश्वभरका पर्यावरण र संस्कृतिलाई अन्तर्राष्ट्रिय नेटवर्कमार्फत सूचना प्रवाह गर्ने रहेको छ ।




## रंगशाला

### यू-१९ विश्वकप क्रिकेट

# नेपाली टिम पुग्यो दक्षिण अफ्रिका




■ प्रभाव संवाददाता

**काठमाडौं–** आईसीसी यू-१९ विश्वकप क्रिकेट खेल्न नेपाली टोली दक्षिण अफ्रिका पुगेको छ । शुक्रबार काठमाडौंबाट गएको नेपाली युवा टोली शनिबार दक्षिण अफ्रिका पुगेको नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ । यू-१९ विश्वकप क्रिकेट जनवरी १९ (माघ ५ गते) देखि सुरु हुँदैछ । त्यसअघि नेपाल यू-१९ टिमले दक्षिण अफ्रिकामा तयारी गर्नेछ । नेपालले जोहानेसबर्गमा एक साता बिताउनेछ । त्यसक्रममा नेपालले नामिबिया र स्कटल्यान्डसँग दुई प्रशिक्षण म्याच खेल्ने क्यानले जनाएको छ ।

यू-१९ विश्वकप अघि नेपालले आईसीसीको कार्यक्रम अनुसार दुई वार्म अप म्याच खेल्नेछ । नेपालले जनवरी १३ मा स्कटल्यान्ड र जनवरी १६ मा वेस्ट इन्डिजविरुद्ध खेल्ने तालिका छ । नेपालले ८ वर्षपछि यू-१९ विश्वकप खेल्न लागेको हो । पछिल्लो पटक नेपालले सन् २०१६ मा बंगलादेशमा भएको यू-१९ विश्वकप खेलेको थियो । यू-१९ विश्वकप यसअघि श्रीलंकामा गर्ने तय थियो । तर आईसीसीले श्रीलंका क्रिकेटलाई निलम्बन गरेपछि युवा विश्वकप दक्षिण अफ्रिका सारिएको छ ।

जनवरी १९ देखि फेब्रुअरी ११ सम्म हुने यू-१९ विश्वकपमा नेपाल समूह डी मा छ । यस समूहमा दक्षिण एसियाका पाकिस्तान र अफगानिस्तानसँगै न्युजिल्याण्ड रहेको छ । नेपालले पहिलो खेल जनवरी २१ मा न्युजिल्याण्डसँग खेल्नेछ । यस्तै जनवरी २४ मा पाकिस्तान र जनवरी २६ मा अफगानिस्तानसँग खेल्ने तालिका छ । नेपालले एसीसी यू-१९ एसिया कपमा पनि पाकिस्तान र अफगानिस्तानसहित भारतसँग खेलेको थियो । त्यसबेला तीनवटै खेलमा पराजित भएको नेपालले त्यसलाई बिर्सेर दक्षिण अफ्रिकामा उच्च प्रदर्शन गर्ने प्रशिक्षक जगत टमाटाले बताए ।

नेपालको लक्ष्य सुपर सिक्समा पर्ने रहेको र त्यसका लागि न्यूजिल्याण्ड विरुद्धको पहिलो खेल लागि महत्वपूर्ण हुने उनले बताएका छन् । यस पटक यू-१९ विश्वकपमा फर्म्याटमा केही परिवर्तन गरिएको छ । सहभागी १६ टिमलाई चार समूहमा विभाजन गरिएको छ । समूह चरणको खेलपछि हरेक समूहको शीर्ष टिम सुपर सिक्स चरणमा प्रवेश गर्नेछन् ।

सुपर सिक्स चरणमा १२ टिमलाई दुई समूहमा विभाजन गरिनेछ । समूह ए को शीर्ष तीन र समूह डी को शीर्ष तीन टिम सुपर सिक्स एडी मा पर्नेछ र भने समूह बी को शीर्ष तीन र समूह सी को शीर्ष तीन टिम सुपर सिक्स बीसी मा पर्नेछ । नेपालले समूह डी मा शीर्ष तीनमा रहेमा सुपर सिक्समा समूह ए का भारत, अष्ट्रेलिया र इंग्ल्याण्ड जस्ता टिमसँग खेल्ने अवसर पाउनेछ ।

**नेपाली टोली :**

देव खनाल (कप्तान), अर्जुन कुमाल, आकाश त्रिपाठी, दीपकप्रसाद डुम्रे, दुर्गेश गुप्ता, गुल्सन झा, दीपेश कँडेल, विशाल विक्रम केसी, सुवास भण्डारी, दीपक बोहरा 'ए', दीपक बोहरा 'बी', उत्तम थापामगर, विपिन रावल, तिलकराज भण्डारी, आकाश चन्द छन् ।

# भीमसिंहको नेतृत्वमा बास्केटबल संघ

**काठमाडौं (प्रस)–** नेपाल बास्केटबल संघको पाँचौं चुनावी साधारण सभाले भीमसिंह गुरुङको अध्यक्षतामा ११ सदस्यीय केन्द्रीय कार्यसमिति निर्विरोध चयन गरेको छ । गुरुङ यसअघि संघको कार्यवाहक अध्यक्ष थिए । नवनिर्वाचित केन्द्रीय कार्यसमितिमा जुमप्रसाद गुरुङ र मनीषकुमार हयोजुले उपाध्यक्ष, नरेन्द्र थापाले महासचिव, फनिन्द्रमान श्रेष्ठले सचिव तथा विष्णुहरि त्रिपाठीले कोषाध्यक्षको जिम्मेवारी पाए ।

पवनकुमार थापा, सरोजा कोइराला श्रेष्ठ, बसन्तराज गिरी, राजकुमार महर्जन र लोकेन्द्रबहादुर सिंह सदस्यमा चयन भए । नवनिर्वाचित पदाधिकारीहरूलाई राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत खेलकुद विकास विभागका प्रमुख एवं प्रमुख निर्वाचन अधिकृत सरोजकुमार पोखरेलले एक कार्यक्रमबीच प्रमाण पत्र प्रदान गर्नुका साथै पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । त्यसअघि साधारण सभाको युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बूले उद्घाटन गरेका थिए । उद्घाटनका अवसरमा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, विभिन्न राष्ट्रिय खेल संघका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# अस्ट्रेलियाद्वारा सिरिज 'क्लिनस्वीप'

**काठमाडौं (प्रस)–** पाकिस्तानसँगको तीन खेलको अन्तर्राष्ट्रिय टेस्ट शृंखलामा अस्ट्रेलियाले 'क्लिन स्वीप' गरेको छ । सिड्नीमा भएको तेस्रो तथा अन्तिम खेलमा घरेलु टोली अस्ट्रेलिया ८ विकेटको जित निकाल्न सफल भएको हो । पहिलो र दोस्रो टेस्ट जितेको अस्ट्रेलियाले तेस्रो टेस्टमा पनि जित हात पार्दै सिरिज 'क्लिनस्वीप' गरेको हो ।

अस्ट्रेलियाले पहिलो पारिमा २९९ रन बनाएपछि १४ रनको अग्रता लिएको पाकिस्तानको दोस्रो पारि उत्कृष्ट रहेन । जम्मा ११५ रनमा समेटिन पुग्यो । १२९ रनको अग्रताका साथ दोस्रो पारि सकाएको पाकिस्तानबाट अस्ट्रेलियाले १३० रनको लक्ष्य पायो । उक्त लक्ष्य अस्ट्रेलियाले मात्र २ विकेट गुमाएर पूरा गरेको हो ।

# ट्रायथलन संघको अध्यक्षमा निलेन्द्रको निरन्तरता



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ट्रायथलन संघको २१ सदस्यीय नयाँ कार्यसमितिको गठन भएको छ । शनिबार ललितपुरमा सम्पन्न चुनावी साधारण सभाले संघको अध्यक्षमा निलेन्द्र राज श्रेष्ठलाई निरन्तरता दिएको छ ।

त्यस्तै बरिष्ठ उपाध्यक्षमा पूर्व गण्डकी प्रदेश सांसद दीपक कोईराला, उपाध्यक्ष द्वयमा सुमन देवकोटा र पूर्व प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह, सचिवमा मिकेन महर्जन र कोषाध्यक्षमा निरज श्रेष्ठलाई सर्वसम्मत चयन गरेको हो । यस्तै सदस्यहरूमा युवराज सुनुवार, श्रृजना त्रिपाठी, रेणुका देवी सिटौला, रचना सिंह, दिवाकर राज श्रेष्ठ, दामोदर अर्याल पनि निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचित कार्यसमितिका सदस्यहरूलाई राष्ट्रिय खेलकुद परिषद्को बरिष्ठ अधिकृत ज्योती राईको नेतृत्वमा अधिकृत बासुदेव निरौला र सहायक प्रथम राजेश बहादुर श्रेष्ठ सदस्य रहेको निर्वाचन कमिटिले प्रमाण पत्र वितरणका साथै गोप्यताको सपथ ग्रहण गराएका थिए ।

संघको आजै सम्पन्न बैठकले संघको विधान बमोजिम सदस्यहरू मध्येबाट अध्यक्षले चयन गर्ने महासचिवको पदमा युवराज सुनुवारलाई मनोनित गरेको छ ।

यस्तै उपाध्यक्षमा गण्डकी प्रदेश साँसद प्रकास बराल, सुजिता बराल, सदस्यहरूमा गोपाल बहादुर बमजन, पुष्प रत्न बज्राचार्य, अमृत गुरुङ्ग र प्रदेशबाट नेतृत्व गर्ने गरि बागमती प्रदेशबाट ज्ञान कृष्ण प्रजापती, गण्डकी प्रदेशबाट अनिता रानाभाट र कर्णाली प्रदेशबाट गणेश शाहीलाई मनोनित गरेको छ ।

हाल संघले गठन गरेको चार प्रदेश मध्ये लुम्बिनी प्रदेशबाट सदस्य चयन हुन बाँकी रहेको छ ।

यस्तै प्रदेश संघका कार्यसमिति अध्यक्षहरू संघको पदेन सदस्य रहने विधानमा प्रावधान रहेको छ ।

यसैगरि संघको बैठकले विभिन्न कमिशन समेत गठन गरेको छ ।

जसमा रचना सिंहको अध्यक्षतामा रेणुका देवी सिटौला र चाहना शाह सदस्य रहेको जेण्डर इक्विटी कमिशन, डा सुशन बैद्यको अध्यक्षतामा एन्टी डोपिङ्ग कमिशन, डां प्रेम बैद्यको अध्यक्षतामा डा नमिता श्रेष्ठ र डा उमेश पराजुली सदस्य रहेको मेडिकल कमिशन, शुभ श्रेष्ठको अध्यक्षतामा विनोद तण्डुकार सदस्य रहेको कोचेज कमिशन र पुष्प रत्न बज्राचार्यको अध्यक्षतामा अमिश महर्जन सदस्य रहेको टेक्निकल कमिशन समेत गठन गरेको हो ।



पाकिस्तानको राजधानी इस्लामाबादमा शुक्रबार प्रदर्शन गरिएको 'म्युजिकल फाउन्टेन' को एक दृश्य । *तस्बिरः सिन्हवा*

# बंगलादेशमा आमनिर्वाचनको पूर्वसन्ध्यामा आमहड्ताल घोषणा

**ढाका–** बंगलादेशमा आगामी जनवरी ७ मा हुने आमनिर्वाचनको पूर्वसन्ध्यामा प्रमुख विपक्षी दल बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)ले प्रधानमन्त्री शेख हसिनाको 'अवैध सरकार'को राजीनामाको माग गर्दै शनिबारदेखि ४८ घण्टे देशव्यापी 'आमहड्ताल' को आह्वान गरेको छ ।

पूर्वप्रधानमन्त्री खालिदा जियाको नेतृत्वको बिएनपीले आइतबार हुने आमनिर्वाचन बहिष्कार गर्ने निर्णय गरेको छ । पार्टीले निर्वाचनको पर्यवेक्षणका लागि अन्तरिम गैरदलीय तटस्थ सरकार गठनको वकालत गरिरहेको छ, जुन मागलाई प्रधानमन्त्री हसिना नेतृत्वको सरकारले अस्वीकार गरेको छ ।




ढाका ट्रिब्युनका अनुसार शनिबार बिएनपीले देशभर जुलुस निकाल्ने, जनअभियान चलाउने र 'प्रतिपक्षीहरूलाई बाहिर राखी गरिन लागिएको' निर्वाचनको विरोधमा पर्चा वितरण गर्ने छ ।

हडतालको दोस्रो दिन आइतबार हुने निर्वाचनले यस पहिले नै विश्वव्यापीरूपमा ध्यानाकर्षण गरिसकेको छ । बिएनपीका संयुक्त वरिष्ठ महासचिव रुहुल कबिर रिजवीले बिहीबार दिउँसो 'भर्चुअल' माध्यममार्फत गरेको पत्रकार सम्मेलनमा राष्ट्रव्यापी हडतालको घोषणा गरेका थिए । उनका अनुसार शनिबार बिहान ६ बजेदेखि सुरु हुने हडताल सोमबार बिहान ६ बजेसम्म चल्ने छ । यसैबीच, बिएनपीले घोषणा गरेको आन्दोलनप्रति बंगलादेशका अन्य केही प्रमुख विपक्षी दलले पनि प्रतिबद्धता जनाएका छन् ।

बिएनपीले सरकारको राजीनामा, अक्टोबरको अन्त्यदेखि पक्राउ परेका आफ्ना नेता तथा कार्यकर्ताको रिहाइ र पार्टी प्रमुख खालिदा जियाको विनासर्त रिहाइको माग गरेको छ । रिजवीको घोषणालगत्तै लिबरल डेमोक्र्याटिक पार्टीले पनि शनिबार बिहान ६ बजेदेखि ४८ घण्टा हडताल गर्ने बताएको ढाका ट्रिब्युनले जनाएको छ ।

बिएनपी र सरकारविरुद्धको आन्दोलनमा समान धारणा राख्ने दलहरूले अक्टोबर २९ देखि गरेको यो पाँचौं हडताल हो । विपक्षी दलहरूले यस अवधिमा १२ चरणमा २३ दिनसम्म देशव्यापी विरोधका कार्यक्रम गरेका छन् । *रासस/एएनआई*

# विमानको झ्याल फुटेपछि आपत्कालीन अवतरण



**वासिङ्टन–** अमेरिकाको ओरेगन राज्यमा १७७ जना यात्रु बोकेको अलास्का एयरलाइन्सको विमानलाई शुक्रबार आपत्कालीन अवतरण गराइएको छ ।

'फ्लाइट १२८२' को विमान पोर्टल्याण्ड अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समयअनुसार साँझ ५:०० बजे उडेको र विमानमा 'चालक दलले चापको समस्या भएको रिपोर्ट गरेपछि सुरक्षित रूपमा फर्काइएको थियो,' संघीय उड्डयन प्रशासनले एक्स (ट्वीटरमा)मा लेखेको छ । सामाजिक सञ्जालमा पोस्ट गरिएका तस्बिरमा विमानको झ्यालको सिसा फुटेको र छतमा इमर्जेन्सी अक्सिजन मास्क झुण्डिएको देखिएको छ ।

विमानमा सवार यात्रु काइल रिंकरले सिएनएनलाई बताएअनुसार उडान भरेको केहीबेरमै झ्याल फुटेको थियो । 'यो वास्तवमा अचानक थियो । झ्याल भर्खरै बन्द भएको र विमान भर्खर उचाइमा पुगेको थियो । अक्सिजन मास्क बन्द नभएसम्म यसलाई महसुस गरिएन,' उनले सिएनएनसँग भने ।

अर्का यात्रु भि गुयेनले न्युयोर्क टाइम्सलाई बताएअनुसार उडानका क्रममा आएको चर्को आवाजले उनलाई ब्युँझाएको थियो । 'मैले आँखा खोल्दा सबैभन्दा पहिले मेरो अगाडि अक्सिजन मास्क देखें,' गुयेनले न्युयोर्क टाइम्ससँग भने, 'त्यसपछि मैले बायाँतिर हेर्दा विमानको झ्यालको सिसा थिएन ।'

'जब मैले घटनालाई नजिकबाट देखें, पहिलो कुरा त मैले सोचें, म मृत्युको मुखमा जाँदै छु,' उनले थपे । राष्ट्रिय यातायात सुरक्षा बोर्ड, एफएए र अलास्का एयरलाइन्सले घटनाको अनुसन्धान गरिरहेको बताएका छन् । 'छ जना चालक दलका सदस्यसहित १७१ जना यात्रु लिएर विमान पोर्टल्याण्ड अन्तर्राष्ट्रिय विमानस्थलमा सकुशल अवतरण गरेको छ,' एयरलाइन्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस प्रकारको घटना विरलै हुने भएता पनि हाम्रो विमानका चालक दललाई तालिम दिइएको थियो र स्थितिलाई सुरक्षितरूपमा व्यवस्थापन गर्न तयार पारिएको थियो ।'

बोइङ ७३७ म्याक्स ९ विमानले क्यालिफोर्नियाको ओन्टारियोका लागि साँझ ५:०७ बजे उडान भरेको थियो भने करिब २० मिनेटपछि विमानस्थलमा फर्किएको 'फ्लाइट ट्र्याकिङ वेबसाइट (फ्लाइटअवेयर)'ले जनाएको छ । फ्लाइटअवेयरका अनुसार यसलाई अक्टोबरमा एयरवर्थी प्रमाणित गरिएको थियो । बोइङले थप जानकारी संकलन भइरहेको र प्राविधिक टोली अनुसन्धानका लागि सहयोग गर्न तयार गरिएको छ । *रासस/एएफपी*

# कंगोमा भारी बर्षाका कारण ३०० जनाको मृत्यु

**किन्सासा–** प्रजातान्त्रिक गणतन्त्र कंगोमा भारी वर्षाका कारण आएको बाढीमा कम्तीमा ३०० जनाको मृत्यु भएको एक मन्त्रीले शुक्रबार बताएका छन् ।

सामाजिक मामिला, मानवीय कार्य र राष्ट्रिय ऐक्यबद्धतामन्त्री मुटिंगा मुतुइशायीले विपद् कम्तीमा ४३ हजार ७५० घर भत्किएको बताएका छन् । उनले सरसफाइ र सफा पानीको अभावमा महामारीको जोखिमबारे पनि चेतावनी दिए । मन्त्रीले कंगोली अधिकारीहरूलाई मानवीय टोलीहरूलाई सहयोग गर्न अन्तर्राष्ट्रिय एकताका लागि आह्वान गर्दै पीडितहरूलाई मद्दत गर्न तुरुन्तै कोष जारी गर्न आग्रह गरे । *रासस/सिन्हवा*

# मृत्यु हुनेको संख्या १०० नाघ्यो

**जापान भूकम्प**

**टोकियो–** जापानको इशिकावा प्रान्तमा गत सोमबार गएको ७.६ म्यागिन्च्युडको भूकम्पका कारण मृत्यु हुनेको संख्या बढेर १०० नाघेको छ । भूकम्पमा परी इशिकावामा शनिबारसम्म २११ जना बेपत्ता भएको स्थानीय सञ्चारमाध्यमले स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै रिपोर्ट गरेका छन् ।



यसैबीच भूकम्पमा परी मृत्यु हुनेको संख्या ११० तथा बेपत्ता हुनेको संख्या २१० पुगेको एएफपीले जनाएको छ । भूकम्पबाट सबैभन्दा धेरै प्रभावित तटीय हर वाजिमामा ५९ जनाको मृत्युको पुष्टि भएको छ । भवन भत्किँदा वाजिमामा करिब १०० व्यक्ति फसेको अपुष्ट विवरणहरू आइरहेका छन् ।

जापान मौसम विज्ञानसम्बन्धी निकाय (जेएमए)ले स्थानीय समयअनुसार शनिबार बिहान ५:२५ बजे नोटो क्षेत्रमा पुनः ५.४ म्यागिन्च्युडको भूकम्प गएको जनाएको छ । यस क्षेत्रमा शनिबार वर्षाको सम्भावना रहेकोले स्थानीय बासिन्दाहरूलाई सतर्क रहन चेतावनी दिइएको छ ।

जापानको राष्ट्रिय समाचार संस्था (क्योदो) का अनुसार भूकम्पका कारण इशिकावाका पूर्वाधारमा ठूलो क्षति पुगेको छ । स्थानीय समयअनुसार शनिबारसम्म २४ हजार घरधुरीले विद्युत अवरोधको सामाना गर्नुपरेको छ । १४ वटा सहरका ६६ हजार घरधुरी खानेपनी विहीनताको अवस्थामा छन् ।

वाजिमाबाट ३० किलोमिटर पूर्व-उत्तरपूर्वमा केन्द्रित भएको विनाशकारी भूकम्पको अधिकतम तीव्रता सात रेक्टर स्केल रहेको थियो । *रासस/सिन्हवा*

# गाजामा युद्ध अन्त्य गर्न राष्ट्रसंघीय मानवीय सहायता प्रमुखको आह्वान

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका मानवीय मामिलासम्बन्धी उपमहासचिव मार्टिन ग्रिफिथ्सले गाजामा जारी युद्ध अन्त्य गर्न आह्वान गरेका छन् । अक्टोबर ७ मा प्यालेस्टिनी कट्टरपन्थी इस्लामिक समूह (हमास)ले इजरायलको दक्षिणी सिमानामा गरेको भयानक आक्रमणको तीन महिनासम्म पनि गाजा मृत्यु र निराशाको थलो बनेको उनले शुक्रबार बताएका हुन् ।

उनले भने, 'हामी गाजाका जनता र यसका खतरामा परेका छिमेकीहरूका लागि मात्र होइन, तर भावी पुस्ताका लागि पनि युद्धको तत्काल अन्त्यको माग गर्दछौं । युद्धले यी ९० दिनको कहालिलाग्दो हिंसा र मानवतासम्बन्धी सबैभन्दा आधारभूत नियमहरूमाथिको आक्रमणलाई कहिल्यै बिर्सने छैनन् ।'



यो समय युद्धरत पक्षहरूले नागरिकहरूको सुरक्षा र आधारभूत आवश्यकताहरू पूरा गर्न र सबै बन्धकहरूलाई तुरुन्तै रिहा गर्ने अन्तर ाष्ट्रिय कानुनअन्तर्गत आफ्ना सबै दायित्वहरू पूरा गर्ने समय भएको उनले बताए । अन्तर्राष्ट्रिय समुदायले आफ्नो सम्पूर्ण प्रभाव प्रयोग गरेर युद्धरत पक्षलाई युद्धविराम गर्नका लागि दबाब दिने बेला आएको उनको भनाइ छ ।

युद्ध भएको करिब तीन महिना बितिसक्दा पनि गाजाको मानवीय अवस्था दयनीय छ । अधिकांश महिला र बालबालिकाहरूसहित करिब २३ हजार मानिस मारिएका छन्, दशौं हजार व्यक्ति घाइते भएका छन् भने लाखौं व्यक्ति युद्धका कारण विस्थापित र प्रभावित भएका छन् । तापक्रम घटेसँगै विस्थापित परिवारहरू खुला ठाउँमा सुतिरहेका छन् । सर्वसाधारणलाई आफ्नो सुरक्षाका लागि अन्यत्र सार्न भनिएको क्षेत्रमा बमबारी भएको छ । चिकित्सा संस्थाहरू निरन्तर आक्रमणमा परेका छन् ।

आंशिकरूपमा सञ्चालनमा रहेका केही अस्पतालहरू ट्रमाका बिरामीहरूले भरिएका छन्, सबै आपूर्तिहरूको गम्भीर अभाव छ, र सुरक्षाको खोजीमा मानिसहरू हताश बनेका छन् । जनस्वास्थ्यमा विपत्ति आइपरेको छ ।

भीडभाड हुने आश्रयस्थलहरूमा ढल बग्दै जाँदा संक्रामक रोगहरू फैलिरहेका छन् । यो अस्तव्यस्तताका बीच दैनिक करिब १८० प्यालेस्टिनी महिलाले बच्चा जन्माइरहेका छन् । मानिसहरूले अहिलेसम्मकै उच्चस्तरको खाद्य असुरक्षाको सामना गरिरहेका छन् । भोकमरीको जोखिम नजिकिएको छ ।

विशेषगरी बच्चाहरूका लागि, विगत १२ हप्ताहरू निकै दर्दनाक बनेका छन् । उनीहरूका लागि कुनै खाना छैन । पानी छैन । विद्यालय छैन । 'युद्धको डरलाग्दो आवाजबाहेक दिनदिनै अरू केही सुनिँदैन,' ग्रिफिथ्सले भने, 'त्यहाँका मानिसहरूले आफ्नो अस्तित्वका लागि दिनहुँ खतराहरू देखिरहेका छन् र संसारले हेरिरहेको छ ।' *रासस/एएफपी*

# उत्तरी इथियोपियामा खडेरीका कारण १८ लाख मानिस प्रभावित

**अदिस अबाबा, इथियोपिया–** इथियोपियाको उत्तरी क्षेत्र अम्हारामा खडेरीका कारण १८ लाखभन्दा बढी मानिस प्रभावित भएको इथियोपियाली अधिकारीले शुक्रबार बताएका छन् ।

अम्हारा क्षेत्र विपद् रोकथाम तथा खाद्यसुरक्षा आयोगका आयुक्त टेस्फाउ बाटाबलका अनुसार खडेरीका कारण कृषि उत्पादनमा व्यापक क्षति पुगेको र मुलुकका नौ क्षेत्रका १८ लाख ४६ हजार ९८५ जना प्रभावित भएका छन् ।

खडेरीका कारण अम्हारा क्षेत्रका जनावर र मानिस दुवै भोकमरीमा परेका छन् । इथियोपियाली सञ्चारमाध्यमहरूले बेटबेललाई उद्धृत गर्दै लेखेका छन्, 'खडेरीका कारण भएको क्षतिलाई कम गर्न अम्हारा क्षेत्र प्रशासनले प्रभावितहरूको सहयोगका लागि करिब ७७ लाख अमेरिकी डलर छुट्याएको छ ।'

गत शनिबार इथियोपियाका सञ्चारमन्त्री लेजेस टुलुले इथियोपियाका विभिन्न क्षेत्रमा खडेरीका कारण ३८ लाख मानिस प्रभावित भएको बताएका थिए । संयुक्त राष्ट्रसंघीय बालकोषको शनिबार सार्वजनिक प्रतिवेदनमा इथियोपियामा जलवायु परिवर्तनको प्रभावका कारण मानवीय अवस्था झनै बिग्रिएको उल्लेख गरिएको छ । रासस/सिन्हवा


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११९५०० | प्रति तोला - ११८९५० | प्रति तोला - १४२० |



बजार लैजाने तयारी | प्युठान नगरपालिका-४ विजुवारस्थित पुनम मसला उद्योगमा टिमुर ग्रेडिङ गर्दै । जिल्लाका गाउँगाउँबाट संकलित टिमुरको ग्रेडिङ गरी बिक्री गरिन्छ । *तस्बिरः शशिधर भण्डारी/रासस*

# अर्थतन्त्रमा सुधार हुँदै गएको छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**चितवन–** अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्रमा सुधार हुँदै गएकाले उद्योग-व्यवसायमा लागेकाहरूले नकारात्मक सोचबाट मुक्त भएर अघि बढ्नुपर्ने बताएका छन् ।

चितवन उद्योग वाणिज्य सङ्घको ५७औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै अर्थमन्त्रीले देशको अर्थतन्त्रमा क्रमशः सुधार हुँदै गएकाले उद्योगी-व्यवसायीले नकारात्मक सोचबाट मुक्त भई व्यवसाय गर्नुपर्नेमा जोड दिए । अर्थतन्त्रमा सुधार देखिन थालेपछि विदेशी लगानीकर्ता आउन थालेका बताउँदै उनले व्यवसाय गर्नेहरू सकारात्मक सोचका साथ अघि बढ्नुपर्छ भने । 'उद्योगी व्यवसायी नै नकारनात्मक सोचका साथ हिँडेपछि कसरी अर्थतन्त्रमा सुधार हुन्छ', उनले प्रश्न गरे । नियोजित किसिमले झुट्टा प्रचार हुँदा समाजमा नकारात्मक प्रभाव परेको उनले बताए ।

अर्थतन्त्रका समस्या पूर्णरूपमा समाधान नभए पनि विगतको तुलनामा अहिले केही सुधार हुँदै गएको उनको भनाइ थियो ।



उनले भने, 'अर्थतन्त्रमा दबाब छ, तर समस्या छैन । पूँजीगत खर्च बढाउनेतर्फ सरकार लागेको छ ।' सरकारले अनुत्पादक क्षेत्रको बजेट नियमन गर्न लागेको उनले बताए ।

बैंकहरूको लगानी शेयर बजार र जग्गामा धेरै हुँदा अहिले समस्या देखिएको भए पनि यसलाई खुकुलो गरिएको बताउँदै उनले भने, 'सबै लगानी अनुत्पादक क्षेत्रमा भएपछि राष्ट्र बैंकले कठोर मौद्रिक नीति बनायो जसका कारण समस्या आयो । अहिले यसलाई बिस्तारै खुकुलो बनाउँदै लगिएको छ ।'

फरक प्रसङ्गमा अर्थमन्त्रीले निर्माण व्यवसायीलाई सरकारले माघअघि नै भुक्तानी दिने र माघपछि सबैको दायित्व पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । विप्रेषणको भरमा मात्र अर्थतन्त्र चलायमान नभएको बताउँदै उनले त्यसमा राजश्वको पनि योगदान रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सबै व्यवसायी सकारात्मक सोचका साथ लाग्न जरुरी रहेको बताए । उद्योगी-व्यवसायी र विद्युत् प्राधिकरणबीचको समस्या समाधानका लागि सरकारले विशेष प्रयास गर्नुपर्नेमा जोड दिए । अहिले अर्थतन्त्रमा देखिएको समस्या सहज भएपछि छोटो समयमा फड्को मार्न सक्नेगरी काम गर्नुपर्ने उनले बताए । अर्थतन्त्रलाई पुरानै लयमा फर्काउन निजी क्षेत्र र सरकारबीच वास्तविक सहकार्य हुनैपर्छ भने ।

उद्योग वाणिज्य सङ्घ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले प्रदेश सरकार उद्योगी-व्यवसायीको पक्षमा रहेका बताए । त्यस अवसरमा आर्थिक पत्रकारिता पुरस्कारबाट आर्थिक अभियान दैनिकका चितवन संवाददाता सूर्यप्रसाद अधिकारीलाई सम्मानित गरिएको थियो । उनलाई नगद रु ५१ हजार सहित सम्मानित गरिएको हो ।

दुईवर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्दै साधारणसभा यही पुस २३ गते सम्पन्न हुनेछ । सङ्घको अध्यक्षमा वर्तमान वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ र उपाध्यक्ष शिरिष पन्तबीच प्रतिस्पर्धा हुँदैछ ।

# देशभर २८ सय मेगावाट बिजुली

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले हाल मुलुकको विद्युत् प्रणालीमा दुई हजार आठ सय ५२ मेगावाट बिजुली उपलब्ध रहेको बताएका छन् । नेपाल उद्योग व्यापार महासङ्घको दोस्रो साधारणसभाको उद्घाटन गर्दै उनले चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल जडित क्षमता तीन हजार पाँच सय मेगावाट पुग्ने बताए ।

ऊर्जामन्त्री बस्नेतले २०७२ पछि मुलुकको ऊर्जा क्षेत्रले अपेक्षित प्रगति गरेको बताउँदै पछिल्लो एक वर्षमा पाँच सय मेगावाट बिजुली थप भएको र आगामी तीन महिनामा पाँच सय मेगावाट विद्युत थपिने उनले जानकारी दिए ।

मन्त्री बस्नेतले ऊर्जा क्षेत्रमा थप प्रगति गर्न अझ मेहनत जरुरी रहेको उल्लेख गर्दै समस्याको जगमा नै समाधान खोज्न सकिने बताए । उनले बहकिएर मात्रै मुलुकको अर्थतन्त्रलाई सहि बाटोमा अगाडि बढाउन नसकिने धारणा राखे । उनले अर्थतन्त्रको दबाव चिर्दै राष्ट्रिय पुँजी निर्माण गर्न सरकार र व्यवसायी एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए ।

'तथ्य तथ्याङ्कले भन्छ, मुलुक आर्थिक विकास र समृद्धिको दिशातर्फ अघि बढेको छ', ऊर्जामन्त्री बस्नेतले भने, 'एक वर्षको निरन्तर मेहनतबाट अर्थतन्त्र सुधारको अवस्थामा छ । देश उन्नतितर्फ अघि बढिरहेकाले अब निरासाजनक नभइ उत्साहकासाथ अघि बढ्नुपर्छ ।'

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा व्यक्त महासङ्घको वार्षिक साधारण सभाको सफलताको शुभकामना सन्देश ऊर्जामन्त्री बस्नेतले सुनाएका थिए ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले सरकारले समस्याग्रस्त अर्थतन्त्रलाई सुधार्न उपयुक्त कदम चालेकाले मुलुकको अर्थतन्त्र गतिशील बन्दै गएको बताए । उनले यसलाई गतिशील बनाउन जलविद्युत, ऊर्जा, कृषिलगायत क्षेत्रमा लगानी अभिवृद्धि गर्दै आन्तरिक उत्पादन र रोजगारी बढाउनेतर्फ अग्रसर हुनुको विकल्प नरहेको बताए ।

आर्थिक समृद्धिका लागि उद्योग, व्यापार क्षेत्रको महत्वपूर्ण योगदान रहने भन्दै श्रेष्ठले राष्ट्रिय पुँजी निर्माण र औद्योगिक प्रवर्द्धनमा केन्द्रित हुन जरुरी भएको खाँचो औँल्याए ।

पूर्वमन्त्री टेकबहादुर बस्नेतले मुलुकको अर्थतन्त्रलाई सकारात्मक दिशामा अगाडि बढाउन सरकार, राजनीतिक दल र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्य जरुरी रहेको बताए । पूर्व मुख्यसचिव लिलामणि पौडेलले मुलुकले सामना गरिरहेको अर्थतन्त्रको दबावलाई नीतिगत र संरचनागत सुधार गर्न महासङ्घले सरकारलाई उपयुक्त सुझाव दिनुपर्ने बताए ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले सकारात्मक दिशामा रहेको अर्थतन्त्रलाई थप प्रभावकारी बनाउन सरकार र निजी क्षेत्रको साझेदारिता फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिए ।

नेपाल राष्ट्रिय उद्योग व्यापार महासङ्घका अध्यक्ष नन्द बहादुर केसी, नेपाल घरेलु तथा साना उद्योग महासङ्घका उपाध्यक्ष मोहन कटुवाल, व्यवसायी कृष्णप्रसाद आचार्यले साना उद्योगको संरक्षण तथा प्रवर्द्धनमा सरकारले विशेष ध्यान दिनपर्ने बताए । महासङ्घका अध्यक्ष खिमलाल भण्डारीले अर्थतन्त्रको सुधारका लागि महासङ्घले सरकारलाई नीतिगत सुझाव प्रस्तुत गर्दै आएको बताए ।

## नेपाल वुड अन्तर्राष्ट्रिय प्रदर्शनी सम्पन्न

**काठमाडौं (प्रस)–** काठमाडौंको भृकुटीमण्डपमा नवौं नेपाल वुड अन्तर्राष्ट्रिय प्रदर्शनी, २०८० को सम्पन्न भएको छ । मिडिया स्पेस सोलुसन्स प्रालि र भारतको फ्युचरेक्स ट्रेड फेयर एण्ड इभेण्ट्स प्रालिद्वारा काठ व्यवसायसँग सम्बन्धित उत्पादन र यस क्षेत्रसँग सम्बन्धित नवीनतम प्रविधिबारे जानकारी गराउने उद्देश्यले प्रदर्शनी शुक्रबार सुरु भएको थियो ।

# अरुण तेस्रो प्रवेशमार्गमा आन्दोलन गर्न नपाइने

■ प्रभाव संवाददाता



**किमाथांका–** सर्वोच्च अदालतले अरुण तेस्रो प्रवेश मार्गमा आन्दोलन गर्न रोक लगाएको छ । संखुवासभामा निमार्णाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवेश मार्गमा आन्दोलन गर्न नपाइने निर्णय उक्त अदालतले गरेको हो । अरुण पीडित सङ्घर्ष समितिविरुद्ध हालेको मुद्दाको सुनुवाइ गर्दै सर्वोच्च अदालतले यस्तो आदेश जारी गरेको हो ।

अरुण तेस्रो प्रवेश मार्ग (छ्यांकुटी-पुखुवा) को जग्गाको मुआब्जा नपाएका जग्गाधनीले वर्षौंदेखि मुआब्जा रकमको माग गर्दै आन्दोलन गर्दै आएका थिए । सर्वोच्च अदालतले विरोधको कार्यक्रम गरी निर्माण कार्यलाई अवरोध नगर्न आन्तरिम आदेश जारी गरेको हो । अरुण तेस्रोका तर्फबाट अधिवक्ताद्वय रमणकुमार कर्ण र विशेष थापाले गरेको बहसको सुनुवाइ गर्दै न्यायाधीश विनोद शर्माको एकल इजलासले सो आदेश दिएको हो ।

अदालतले अरुण तेस्रो निर्माण कार्यमा सहजताका लागि सुरक्षा प्रबन्ध मिलाउनसमेत जिल्ला प्रशासन कार्यालय सफ्वासभालाई निर्देशन दिएको छ । अरुण तेस्रो प्रवेश मार्ग सङ्घर्ष समितिले मुआब्जा दिन छुट रहेको चार सय ५४ रोपनी जग्गाको मुआब्जा माग गर्दै आन्दोलन गर्ने गरेको छ । खाँदबारी नगरपालिका-४ छयाङ्कुटीदेखि चिचिला गाउँपालिका-२ दिदिङ्ग सडक खण्डको (२४ दशमलव पाँच किलोमिटर) छुट मुआब्जाको माग गर्दै पीडितले सडक आन्दोलन गर्दै आएका छन् । गत वैशाख २६ गते छयाङ्कुटी-दिदिङ सडक खण्डको छुट मुआब्जा जिल्ला प्रशासन कार्यालय संखुवासभाका प्रमुख जिल्ला अधिकारी संयोजक भएको मुआब्जा निर्धारण समितिले प्रतिरोपनी रु ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो ।

गत कात्तिक १७ गतेको ५६औं मन्त्रिपरिषद् बैठकले छुट मुआब्जाबापतको रु ५३ करोड सतलज जलविद्युत् निगम (एसएपिडिसी) मार्फत जिल्ला प्रशासन कार्यालयको धरौटी खातामा जम्मा गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को कात्तिक १६ गते बसेको बैठकले एक महिनाभित्र अर्थात् मङ्सिर १८ गतेदेखि मुआब्जा रकम वितरण सुरु गर्ने निर्णय भए पनि हालसम्म मुआब्जा वितरण गरिएको छैन ।

# लमजुङमा सुन्तला उत्पादन घट्यो

■ प्रभाव संवाददाता

**लमजुङ–** लमजुङमा सुन्तला उत्पादनमा ह्रास आएको छ । सुन्तला बगैंचा हेरचाहमा किसानको बेवास्ता, बोटमा रोग लाग्नेलगायत कारण सुन्तला उत्पादनमा कमी आएको हो । बेँसीसहर नगरपालिका-११ चिती स्याउतका भगवती पन्तले १३ रोपनी जग्गामा छ सयभन्दा बढी सुन्तलाको बोट लगाएका छन् । उनले एक दशकअघि बर्सेनि रु छ लाखदेखि रु सात लाखसम्म आम्दानी गर्दै आएका थिए । तर पछिल्लो समय बर्सेनि पन्तको सुन्तला बगैंचा सखाप हुँदै गएको छ । यस वर्ष मुस्किलले रु ८० हजारसम्म आम्दानी गरेको उनको भनाइ छ । घर खर्च चलाएर पनि बचत हुने गरेकामा यतिबेला सुन्तला उत्पादन घट्दै गएको पन्तले बताए ।

जिल्ला कृषि विकास कार्यालयले पकेट क्षेत्रमा सूचीकृत गरेको स्याउत गाउँमा केही वर्षदेखि सुन्तला उत्पादन घट्दै गएको छ । एक दशकअघिसम्म गाउँभरिका बगैंचाबाट वार्षिक रु दुई करोडसम्म सुन्तला बिक्रीबाट किसानले आम्दानी गरेका थिए । छ/सात वर्षयता रु १० लाखसम्म मात्रै आम्दानी गरेका स्थानीय रमेशराज पन्तले बताए । विगत वर्षमा पर्याप्त सुन्तला उत्पादन हुने चिती, गाउँसहर, सिम्पानी, भोर्लेटार, कुन्छा, गहते, दुराडाँडा, राइनास, भोजे, उदिपुर घिमिरेलगायतमा समेत उत्पादनमा कमी आएको किसानले बताएका छन् ।



कृषि ज्ञान केन्द्रका सूचना अधिकारी विजय पौडेलका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा एक सय ३० हेक्टर क्षेत्रफलमा लगाएको सुन्तला खेतीबाट चार सय मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गत आर्थिक वर्षमा जिल्लामा एक सय २५ हेक्टर जमिन क्षेत्रफलमा लगाइएको सुन्तला खेतिबाट पाँच सय २५ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । सुन्तला खेती गरेको क्षेत्रफल वृद्धि भएपनि उत्पादन एक सय २५ मेट्रिक टन कम भएको सूचना अधिकारी पौडेलले बताए ।

त्यस्तै, आव २०७८/७९ मा एक सय ८० हेक्टर क्षेत्रफलमा एक हजार दुई सय ४० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । आव २०७७/७८ मा दुई सय १३ क्षेत्रफलमा एक हजार चार सय २४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । पछिल्ला वर्षमा क्रमशः क्षेत्रफल र उत्पादन घट्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ । विभिन्न रोग, कीरा लाग्नुका साथै सुन्तला उत्पादनतर्फ किसानको पर्याप्त ध्यान नपुगेकाले उत्पादनमा कमी आएको केन्द्रले जनाएको छ ।

सुन्तलाको बोट तथा सुन्तलामा कत्लेकीरा, पतेरोलगायतका कीराले बिरुवा तथा बोटमा रोग सार्ने र सिट्रेस डिक्लाइन (उत्पादनमा ह्रास हुने रोग), ग्रिनिङ भाइरसजस्ता रोग लाग्ने तर गोडमेल, स्याहार, सिँचाइको व्यवस्था, बिरुवा छनोटजस्ता काममा सुन्तला किसानले ध्यान नपुगेकाले सुन्तला बगैंचा मासिँदै गएको छ । जिल्लामा उत्पादन भएको सुन्तला काठमाडौं, पोखरा, चितवनलगायत सहरमा बिक्री गर्ने गरिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ